भित्र चोट पर्‍यो हजुर
त्यसै मन रुन्न ।
बोक्सा बोक्सी हुन्छन् भन्ने
पत्याउनु हुन्न ॥
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक
राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक २०४, काठमाडौं, सोमबार २० पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Monday 4 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-



**जनतामाझ प्रधानमन्त्री** | *आइतबार मकवानपुरको मन्थली गाविसमा झोलुंगे पुलको उद्घाटनपछि सर्वसाधारणसँग तस्बिर खिचाउँदै प्रधानमन्त्री केपी शर्मा ओली ।*

तस्बिर सौजन्य : आनन्दराम डंगोल

# सहमतिका लागि कार्यदल गठन प्रस्ताव

## छलफलपछि जवाफ दिन्छौं : मोर्चा



तस्बिर : रासस

**राजधानी समाचारदाता**
काठमाडौं, १९ पुस

प्रमुख तिन दलले आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको माग सम्बोधनका लागि चार पक्षीय कार्यदल गठनको प्रस्ताव गरेका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार भएको वार्तामा सत्तारूढ एमाले र एमाओवादी तथा प्रमुख प्रतिपक्षी कांग्रेसले मोर्चाका नेताहरूसँग सो प्रस्ताव राखेका हुन् ।

संविधान संशोधन विधेयकको भाषा परिमार्जन तथा विधेयकमा समेटिन नसकेका मागलाई मूर्त रूपमा प्याकेजमै टुंग्याउन बैठकमा पाँच सदस्यीय कार्यदल गठनको प्रस्ताव भए पनि मोर्चाले आन्तरिक छलफलपछि मात्रै जवाफ दिने बताएको छ । तिन दलतर्फ एमालेबाट उपाध्यक्ष भीम रावल, एमाओवादीबाट कृष्णबहादुर महरा, कांग्रेसबाट महेश आचार्य तथा मोर्चाको तर्फबाट दुई जनासम्म सदस्य रहने गरी कार्यदल गठन गर्ने भनिए पनि मोर्चाका नेताहरूले आन्तरिक छलफलपछि मात्रै जवाफ दिने जनाएका छन् ।

सीमांकन हेरफेरको चार पक्षीय राजनीतिक समितिमार्फत तिन महिनाभित्र हल गर्न सकिने प्रमुख तिन दलको प्रस्ताव अपुरो र अविश्वसनीय भन्दै मोर्चाका नेताहरूले प्रश्नचिह्न उठाउँदै आएका छन् । सोही कारण मोर्चाका नेताहरूले कार्यदल गठनका लागि आफ्नो तर्फबाट नाम दिन पनि सुरुमै आनकानी गरेका हुन् ।

बैठकपछि उपप्रधानमन्त्री तथा एमाले उपाध्यक्ष भीम रावलले माग सम्बोधनका लागि तिन दल र मोर्चाको छुट्टै संयुक्त कार्यदल बनाएर अघि बढ्न प्रस्ताव गरिएको जानकारी दिए । उनले छिटो समस्या समाधान गर्ने विषयमा बैठकमा गम्भीरतापूर्वक छलफल भएको बताए । बैठकमा तिन दलका नेताहरूले कार्यदलमार्फत छलफललाई सोमबार पनि निरन्तरता दिन प्रस्ताव गरे पनि मूर्त कुरा नआएको भन्दै मोर्चाका नेताहरूले भने त्यस्तो तरिकाबाट आफूहरूको माग सम्बोधन हुन नसक्ने बताए ।

बैठकपछि तराई मधेस लोकतान्त्रिक पार्टीका उपाध्यक्ष हृदयेश त्रिपाठीले तिन दलको तर्फबाट विगतकै जस्तो कर्मकाण्डी कुरा सारिएकाले ११ बुँदे माग सम्बोधन हुने सुनिश्चितता नदेखिएको बताए । 'तिन दलको तर्फबाट कर्मकाण्डी कुरा आएको छ, सोमबार फेरि बस्ने भनिएको छ, त्यस्ता कुराबाट हाम्रा ११ बुँदे माग सम्बोधन हुने स्थिति देखिएको छैन,' उपाध्यक्ष त्रिपाठीले राजधानीसँग भने, 'उहाँहरूले पहिले बनिसकेको तिन सदस्यीय कार्यदलमा तपाईंहरूको तर्फबाट पनि प्रतिनिधि पठाइदिनोस् भनेपछि हामीले त्यसको (कार्यदल) को औचित्यमाथि प्रश्न उठाएका छौं ।' उनले तिन दलले मधेस आन्दोलनको मुद्दा गोलमोटल बनाउन खोजेको भन्दै यस्तै स्थिति रहे एक/दुई दिनपछि मोर्चाले आन्दोलनका थप कार्यक्रम सार्वजनिक गर्ने जानकारी दिए ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीसहित एमालेबाट वरिष्ठ नेता झलनाथ खनाल, उपाध्यक्ष रावल तथा कानुनमन्त्री अग्नि खरेल सहभागी थिए । त्यस्तै, कांग्रेसबाट सभापति सुशील कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेल तथा एमाओवादीबाट अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष नारायणकाजी श्रेष्ठलगायतका नेताहरू सहभागी थिए । मोर्चाको तर्फबाट तमलोपाका अध्यक्ष महन्थ ठाकुर र त्रिपाठी तथा संघीय समाजवादी फोरम नेपालका सहअध्यक्ष राजेन्द्र श्रेष्ठ लगायतका नेताहरू सहभागी थिए । फोरम अध्यक्ष उपेन्द्र यादव भने बुटवलमा रहेका कारण सहभागी हुन सकेनन् । आन्दोलनको छुट्टै कार्यक्रम घोषणा गरेको सद्भावना पार्टीले भने छलफल बहिष्कार गरेको छ ।

# सांसदलाई पनि भीआईपी सुविधा !

**ईश्वरी सुवेदी/राजधानी**
काठमाडौं, १९ पुस

नेपाली कांग्रेसका सभापति सुशील कोइराला नेतृत्वको सरकारले मापदण्डविपरीत सांसदलाई समेत विशिष्ट पदाधिकारी (भीआईपी) को हैसियतमा सेवासुविधा उपलब्ध गराएको तथ्य खुलेको छ । कोइरालाले आफ्नो सरकारको पालामा आफ्नै पार्टीका एक सांसदलाई भीआईपीको हैसियतमा सुविधा दिएका हुन् ।

सर्वोच्च अदालतको आदेशले खारेज भइसकेको पूर्वपदाधिकारी तथा विशिष्ट व्यक्तिलाई उपलब्ध गराइने सुविधासम्बन्धी मापदण्ड उल्लंघन गर्दै कोइराला सरकारले कांग्रेस सांसद अमरेशकुमार सिंहलाई भीआईपी सुविधा प्रदान गरेको पाइएको हो । कोइराला सरकारले सिंहसहित पूर्वप्रधानमन्त्री र उपप्रधानमन्त्रीलाई सरकारी सुविधा उपलब्ध गराएको पाइएको हो ।

सरकाले तिन पूर्वप्रधानमन्त्री र एक उपप्रधानमन्त्रीसँगै सांसद (तत्कालीन सभासद्) सिंहलाई भीआईपीले चढ्ने स्कोर्पियो जिप उपलब्ध गराएको गृह मन्त्रालयबाट प्राप्त विवरणमा उल्लेख छ । गृहले तत्कालीन प्रधानमन्त्री कोइरालाकै निर्देशनमा यो तथ्य लुकाएको थियो ।

पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द, झलनाथ खनाल, पूर्वमन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मी, पूर्वउपप्रधान तथा गृहमन्त्री वामदेव गौतमसहित सांसद सिंहलाई मापदण्डविपरीत भीआईपीको सरकारी सुविधा उपलब्ध गराइएको हो । सांसद सिंहले बा११च ६४३७ नम्बरको सो स्कोर्पियो जिप १५ फागुन २०७१ देखि निरन्तर प्रयोग गरिरहेका छन् । गृह मन्त्रालयले पूर्वप्रधानमन्त्री चन्दलाई बा१झ ६९ को इसुजु जिप ४ फागुन २०७१ मा, पूर्वप्रधानमन्त्री खनाललाई बा२झ ८६ (बा११च ६४३८ को स्कोर्पियो जिप १९ जेठ २०७१ मा, पूर्वमन्त्रिपरिषद् अध्यक्ष रेग्मीलाई बा२झ ११३ नम्बरको स्कोर्पियो जिप २४ मंसिर २०७१ मा प्रदान गरेको छ । यस्तै, पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री गौतमलाई बा२झ ८७ नम्बरको स्कोर्पियो जिप गत कात्तिकदेखि मापदण्डविपरीत नै उपलब्ध गराएको छ ।

पूर्वपदाधिकारीको परिभाषामा २०४६ सालपछिका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाका अध्यक्ष वा संविधानसभाका अध्यक्ष वा सभामुख भई निवृत्त भएको व्यक्तिलाई मानी सुविधा दिइँदै आएको थियो । सर्वोच्च अदालतले कानुन बनाएर मात्रै सुविधा दिन निर्देशनात्मक आदेश जारी गरेपछि सरकारले संसद्मा विधेयक दर्ता गरेको थियो । तर, त्यो विधेयकको सर्वत्र विरोध भएपछि तत्कालीन सभामुख सुवासचन्द्र नेम्वाङको आग्रहमा गृह मन्त्रालयमै फिर्ता भएको थियो ।

मापदण्ड नै नभएको अवस्थामा मापदण्ड बनाए पनि दिन नमिल्ने व्यक्ति सांसद सिंहले भीआईपीको सुविधा लिइरहनुलाई अझै आश्चर्यका रूपमा लिइएको छ । सर्वोच्च अदालतको आदेशले मापदण्ड खारेज भएपछि कतिपय पूर्वपदाधिकारीले भने सवारी फिर्ता गरिसकेका छन् । गैरकानुनी रूपमा सेवासुविधा लिने प्रवृत्तिविरुद्ध संसद्को सार्वजनिक लेखा समितिले पनि चासो देखाएको छ ।

(बाँकी पृष्ठ २ मा)

**राजधानी** कुरो-कुरो

-उत्तम नेपाल




चिन्ता गर्नु पर्दैन ! कोई भोकै नमरोस भनेर त राहत बेच्न लाग्या..!

# कांग्रेस पार्टी कार्यालयमा अनशनै अनशन

**भुवन शर्मा/राजधानी**
काठमाडौं, १९ पुस

नेपाली कांग्रेसको पार्टी कार्यालय सानेपा अहिले अनशन स्थलझैं भएको छ । ललितपुरको सानेपास्थित पार्टी कार्यालयको हातामा पाँच ओटा समूह अहिले अनशन बसेका छन् । पार्टी कार्यालयको पूर्वी गेटमा तिन ओटा र पश्चिमतिरको गेटमा दुई ओटा समूह केही दिन देखि अनशनमा छन् ।

कांग्रेसको क्रियाशील सदस्यता छानबिन गर्न बनेको समितिले पार्टी सभापति सुशील कोइरालालाई बुझाएको प्रतिवेदनप्रति असन्तुष्ट रहेका पाँच ओटा समूह अनशनमा बसेका हुन् । सुरुमा सोलुका दुई समूह अनशनमा बसेका थिए । त्यसमा रौतहटका दुई र डोल्पाको एउटा समूह थपिएका छन् ।




**क्रियाशील सदस्यता विवाद**

कांग्रेसका कार्यालय सचिव प्रकाश शर्माले क्रियाशील सदस्यताका सम्बन्धमा परस्पर विरोधी माग राखेर पार्टी कार्यालयमा पाँच ओटा समूह अनशनमा बसेको बताए । सोलुका दुई समूह र रौतहटको दुई समूह रिले अनशनमा बसेका छन् भने डोल्पाका कांग्रेस सभापति टंकप्रसाद उपाध्याय गत आठ दिनदेखि आमरण अनशनमा बसेका छन् । आमरण अनशनमा बसेका उपाध्यायको स्वास्थ्य अवस्था नाजुक बन्दै गएको छ ।

क्रियाशील सदस्यता विवाद छानबिन समितिले रौतहटको १, २ र ३ नम्बर क्षेत्रको नयाँ क्रियाशील सदस्यता स्थगित गरेको छ ।

(बाँकी पृष्ठ २ मा)

# चिसोले कक्षा जानै मान्दैनन् विद्यार्थी



**केशवराज पौडेल/राजधानी**
काभ्रे, १९ पुस

देवीस्थान मावि देवीटारमा कक्षा-१० मा अध्ययनरत सुन्दरी तामाङलाई गत मंसिर पहिलो सातादेखि लागेको खोकी अझै निको भएको छैन । दिनभर खोकी कम भए पनि चिसो बढ्दै गएपछि राति खोकीकै कारण उनी सुत्न सक्दिनन् । उनी मात्रै होइन, सो विद्यालयमा पढ्ने अधिकांश विद्यार्थीमा यतिबेला चिसोजन्य समस्या निकै बढेको छ ।

'भुइँचालो त आयो-गयो तर यसले अब हामीलाई पढ्नसमेत नदिने भयो,' एउटा पातलो सर्ट लगाएकी सुन्दरीले राजधानीसँग भनिन्, 'सरकारले दिने भनेको १० हजार रूपैयाँ पनि अझै दिएको छैन ।' आर्थिक अभावका कारण पुसको ठिहीमा पनि आफू एकसरो लुगा लगाएर स्कुल जानुपरेकाले खोकीले सताएको उनको बुझाइ छ । 'बुबाले १० हजार आएपछि स्विटर किनिदिने भने पनि अझै पैसा नआएपछि स्विटर लगाउन पाएको छैन,' उनी भन्छिन् । सरकारले पैसा दिएपछि बुबाले न्यायो लुगा किनिदिने भनेकाले स्विटर नकिनी विद्यालय आउन पनि मन नलागेको उनले सुनाइन् ।

कक्षा-७ मा अध्ययनरत विनोद तामाङ घरमा चामलसमेत नभएकाले स्विटर मागेर बुबालाई दुःख नदिएको बताउँछन् । 'घरमा टहरोको चिसोले सुत्न सकिँदैन, स्कुलमा बाँसबाट छिरेको हावाले बसिखान दिँदैन,' एकसरो विद्यालय पोसाक रहेका विनोदले भने । उनीसँगै बसेका निमा तामाङको पीडा पनि उस्तै छ । उनले सुनाए, 'बुबा नपढेर पछि परेको सुनाउनुहुन्छ, अब चिसोकै कारण मेरो पनि विद्यालय छाड्ने योजना बन्न थालेको छ ।'

(बाँकी पृष्ठ २ मा)

# पुसमै दैनिक १४ घन्टासम्म लोडसेडिङ

## ● प्राधिकरणको प्रक्षेपण मिलेन ● फागुनमा दैनिक १७ घन्टा लोडसेडिङ हुने

**भीम गौतम/राजधानी**
काठमाडौं, १९ पुस

नेपाल विद्युत् प्राधिकरणले लोडसेडिङ बढाएर दैनिक १४ घन्टासम्म पुर्‍याएको छ । पुसमा साताको १० घन्टा मात्र लोडसेडिङ हुने प्रक्षेपण गरेको प्राधिकरणले दैनिक १४ घन्टाम्म विद्युत् कटौती गर्ने भएको हो । आज (सोमबार) देखि दैनिक चार दिन १३ घन्टा, एकएक दिन १४, १० र ८ घन्टा लोडसेडिङ हुनेछ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षभित्र लोडसेडिङ हटाउने घोषणा गरिरहेको तथा ऊर्जा मन्त्रालयले अर्को वर्षभित्र ८ सय ४८ मेगावाट विद्युत् थप्ने महत्त्वाकांक्षी योजना सार्वजनिक गरिरहेको बेला प्राधिकरणको प्रक्षेपण नै सही हुन सकेन ।

'नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइन निर्माण भई भारतबाट थप ९० मेगावाट विद्युत् आयात भए र कुलेखानी जलाशय भरिए पुसमा १० घन्टा लोडसेडिङ हुने प्रक्षेपण गरिएको हो,' प्राधिकरणका भार प्रेषण केन्द्रका प्रमुख भुवन क्षत्रीले भने, 'विभिन्न कारणले अन्तरदेशीय प्रसारण लाइन नबनेपछि, कुलेखानी जलाशय नभरिएपछि र खाना पकाउन इडक्सन चुल्हो र हिटरको प्रयोग बढेपछि थप लोडसेडिङ गर्नुपरेको हो ।'

प्राधिकरणका अनुसार पुस महिनामा १ करोड ८० लाख युनिट विद्युत् माग हुने अनुमान गरिएकोमा झन्डै १० लाख युनिट बढेको छ, जुन फागुनमा माग हुने अपेक्षा थियो ।

कुलेखानी १५ सय ३० मिटरमा भरिने भए पनि १५ सय २७ मात्र पुगेको थियो । भने अहिले १५ सय २६ मिटरमा झरेको छ ।

हाल १२ सय २५ मेगावाट बराबरको विद्युत् माग रहेकोमा विद्युत् प्राधिकरण र निजी क्षेत्रबाट २ सय ९० तथा भारतबाट २ सय ३५ मेगावाट आयात भइरहेको छ । अझै ७ सय मेगावाट विद्युत् अपुग रहेको प्राधिकरणले जनाएको छ । विद्युत् प्राधिकरणले हिउँदमा दैनिक आठ घन्टादेखि १३ घन्टासम्म लोडसेडिङ हुने प्रक्षेपण गरेको थियो ।

मंसिरमा दैनिक नौ घन्टा, पुसमा १० घन्टा, माघमा १२ घन्टा, फागुन र चैत्रमा १३ घन्टा तथा वैशाखमा १० घन्टामा लोडसेडिङ झर्ने प्रक्षेपणविपरीत पुसमै लोडसेडिङ दुई घन्टा बढेको छ । अन्तरदेशीय प्रसारण लाइन नबने आगामी फागुनमा १७ घन्टासम्म लोडसेडिङ हुन सक्ने प्राधिकरणका एक अधिकारीले जानकारी दिए ।

(बाँकी पृष्ठ २ मा)

C M Y K

## छोटकरी

### ‘कुरा होइन काम गर’

**सिन्धुपाल्चोक/रास–** पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले सरकारको काम गर्ने शैलीप्रति असन्तुष्टि व्यक्त गरेका छन्। नेपालीहरू यतिबेला भूकम्प र नाकबन्दीको मारमा छन्, चिसोले कठ्यांग्रिएर भोकै मनुपर्ने अवस्था सिर्जना भएको छ यस्तो बेला सरकारले आश्वासन होइन काम गरेर देखाउनुपर्ने वरिष्ठ नेता नेपालले बताएका छन्।

सिन्धुपाल्चोक सदरमुकाम चौतारास्थित कृष्णरत्न गंगा उच्च माविको ६९औं वार्षिकोत्सवमा सहभागी हुने क्रममा आइतबार उनले सञ्चारकर्मीसँग यस्तो भनाइ राखेका हुन्।

भूकम्पको मारमा परेका जनतालाई सरकारले छिटोभन्दा छिटो पुनर्निर्माणका अभियान सुरु गरेर नयाँ घर निर्माणमा सहयोग गर्नुपर्ने नेता नेपालले जोड दिए।

### दुर्घटनामा पाँच घाइते

**दोलखा/रास–** जिल्लाको पवटी-९ को सत्यश्वर उच्च मावि नजिकै खोलामा आइतबार ट्रक दुर्घटना हुँदा पाँचजना घाइते भएका छन्।

सदरमुकाम चरिकोटबाट चरंगे हुँदै शैलुंगेश्वरको भैंसेबजार गई रहेको बा३ख १७३७ नम्बरको ट्रक सत्यश्वर उच्च मावि नजिकैको खोलामा पुग्दा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय दोलखाले जनाएको छ।

इँटामाथि मान्छे बोकेर ठाडो उकालो जाँदा खोलासँगैको भिरबाट ट्रक खसेको स्थानीय बासिन्दाले बताएका छन्। स्थानीय सोभियत उप्रतीका अनुसार ट्रक दुर्घटनामा पवटी-९ का भगवती थपलिया, सोही स्थानका कमलाकुमरी खड्का, शैलुंगेश्वर गाविस पोखरेका भीम विश्वकर्मा, मीना विश्वकर्मा र रामशरण थपलिया घाइते भएका छन्।

### हलिया पुनःस्थापना प्रशिक्षण

**डडेल्धुरा/रास–** हलियाको पहिचान, वर्गीकरण तथा पुनःस्थापनाका लागि उपयुक्त विधि र योजान तयार गर्ने उद्देश्यले १९ पुसमा डडेल्धुरमा हलिया अगुवाहरूको दुईदिने प्रशिक्षण सुरु भएको छ। तथ्यांक संकलन गर्दा वास्तविक हलियाहरू छुटेका, वर्गीकरणमा समस्या भएकाले पुनःस्थापना कार्यमा ढिलाइ भएकाले राष्ट्रिय भूमि अधिकार मञ्च डडेल्धुराले हलिया पुनःस्थापनाका लागि प्रशिक्षण थालेको हो।

हलिया समस्या, अवसर र अगुवाहरूको भूमिकाको विषयमा अनुभव आदान प्रदान गरिनेछ। प्रशिक्षणबाट सरकारले ल्याएको योजनालाई सहज रूपमा हलिया समुदायसम्म पुऱ्याउन र त्यहाँ रहेका समस्या समाधानका लागि भूमिका निर्वाह गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### स्थानीय गाईको संरक्षण

**नवलपरासी/रास–** स्थानीय जातको गाई लोप हुन लागेको भन्दै नवलपरासी कावासोती नगरपालिका-३ पुरानो कावासोतीवासी स्थानीय जातको गाई संरक्षणमा जुटेका छन्।

कावासोतीको विश्वकर्मा मन्दिरसँगै विश्व माता गौशाला स्थापना गरी उनीहरूले स्थानीय जातको गाई संरक्षण गर्न थलेका छन्। गाई घरमा उन्नत जातको गाई पाल्न थालिएपछि स्थानीय जातको गाईको हेला हुन थालेको र सडक, चोक, गल्लीगल्लीमा हेला गरेर गाईलाई छाड्ने गरिएपछि यसलाई संरक्षण गर्न थालिएको हो।

# सरकार गरिबको पक्षमा : प्रधानमन्त्री

राजधानी संवाददाता
हेटौंडा, १९ पुस



प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले गरिब नागरिकको हितमा काम गर्ने बताएका छन्। मकवानपुरको मन्थली गाविसमा झोलुंगे पुलको उद्घाटन् गर्दै प्रधानमन्त्री ओलीले अहिलेको सरकार गरिबको सरकार भएको बताएका छन्। मुलुकलाई समस्या आइपरेको अवस्थामा पनि विकास र समृद्धिको काम भइरहेको उनले सो क्रममा उल्लेख गरे।

केन्द्रमा बस्ने राजनीतिक दल सरकार बनाउने र गिराउने तर्फ लागिपरे पनि स्थानीयस्तरका नागरिक भने विकासको काममा लागिपरेको प्रधानमन्त्री ओलीले बताए। सरकारले काम गर्न नपाउँदै सरकार ढाल्ने खेलमा नलाग्न उनले आग्रहसमेत गरे।

प्रधानमन्त्रीको कार्यभार सम्हाल्दा देशभरका तुइनलाई विस्थापित गर्ने बताएका उनले आगामी दुई वर्षमा कुनै पनि नेपालीले तुइनबाट आवजजावत गर्न नपर्ने दाबी गरे।

देशभरका तुइन हटाएर झोलुंगे र पक्की पुल निर्माण गर्ने प्रधानमन्त्री ओलीको भनाइ छ। एक वर्षभित्रमा मुलुकमा लोडसेडिङको अन्त्य गर्ने प्रधानमन्त्री ओलीले दोहोऱ्याए।

उनले ललितपुर र मकवानपुर कोरिडोर निर्माण गर्नका लागि सरकारले सहयोग गर्ने आश्वासनसमेत दिए। हेटौंडा हुँदै छतिवन, फापरबारी, राईगाउँ जाने सडक निर्माण गर्नका लागि सरकार प्रतिबद्ध रहेको प्रधानमन्त्री ओलीले उल्लेख गरे। सरकारले तुइन विस्थापित गर्ने योजनाअनुसार नै झोलुंगे पुल निर्माण गरेर नागरिकलाई सुविधा दिएको बताए।

उनले भने, ‘अब हरेक क्षेत्रका तुइनलाई विस्थापित गर्दै लैजाने र त्यस स्थानमा झोलुंगे पुल निर्माण गरेर नागरिकलाई ओहोरदोहोर गर्न सहज बनाउने सरकार लागि रहने छ।’ तुइनका कारण वर्षायाममा ओहोरदोहोर गर्नका लागि समस्या भएको बताउँदै प्रधानमन्त्री ओलीले सरकारले छिट्टै तुइन विस्थापित गरेर सबै स्थानमा झोलुंगे पुल निर्माण गर्ने योजना अगाडि सारेको बताए।

कार्यक्रममा स्थानीय विकास सहायकमन्त्री विराज विष्टले गाउँपालिकाको निर्वाचन छिट्टै हुने दाबी गरे। गाउँपालिकाको निर्वाचन गर्नका लागि उपप्रधानमन्त्री कमल थापासँग कुरा भइरहेको र निर्वाचन गर्नका लागि सरकार पनि सकारात्मक रहेको बताए।

कार्यक्रममा सांसद इन्द्रबहादुर बानियाँले मकवानपुरको पुर्वी क्षेत्रमा जाने सडक निर्माणका लागि सरकारको सहयोग आवश्यक रहेको बताए। जिल्लाका भूकम्प पीडितलाई जाडोयाममा न्यानो कपडा वितरण गर्नका लागि अझै पनि २० करोड रुपैयाँ अपुग भएकाले छिट्टै निकासा गर्न सरकारलाई बानियाँले आग्रह गरे।

ललितपुर जिल्लासँग सिमाना जोडिएको मन्थली गाविस वडा नम्बर २ र ९ जोड्ने झोलुंगे पुलको आइतबार उद्घाटन गरिएको हो। दुईओटा वडालाई जोड्ने झोलुंगे पुल १ सय ३९ मिटर लामो रहेको छ। सरकारको कुल ८२ लाख रुपैयाँ लागतमा निर्माण भएको पुल निर्माण भएपछि मन्थली, ठिंगनगाविस र ललितपुल जिल्लाका बासिन्दालाई समेत सहज हुने छ।

कार्यक्रममा ललितपुरका सभासद् उदयशमशेर राणा, सुशीला नेपाल, मकवानपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद थपलिया, स्थानीय विकास अधिकारी लक्ष्मणविक्रम थापा, प्रमुख जिल्ला इन्जिनियर निर्मल प्याकुरेल, प्रहरी उपरीक्षक मीरा चौधरीलगायतकाको उपस्थिति रहेको थियो।

# रात्रिबस पल्टिँदा ६ जनाको मृत्यु

राजधानी संवाददाता
रूपन्देही, १९ पुस

पूर्वपश्चिम राजमार्गअन्तर्गत रूपन्देहीको देवदहमा शनिबार राति रात्रिबस दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ भने १७ जना घाइते भएका छन्। दुर्घटनामा पाँचजनाको घटनास्थलमै र एक जनाको उपचारका क्रममा मृत्यू भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार मृत्यु हुनेमा बर्दिया तारालाल-९ बस्ने २२ वर्षीय कुशल शर्मा, कञ्चनपुर भीमदत्त नगरपालिकाका ३५ वर्षीय प्रकाश शाही, रूपन्देही देवदह-११ का ३५ वर्षीया शान्ति दर्जी र सोही ठाउँकी २५ वर्षीया जमुना विक, बाराका चुरक शाह र भारत मतियहारी नानापकडिया विहारका ४५ वर्षीय शंकरप्रसाद जैयसवाल रहेका छन्। जैयसवालको लुम्बिनी अञ्चल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो।

काठमाडौंबाट नेपालगन्जका लागि छुटेको ना४ख ६८४१ नम्बरको बस रूपन्देहीको देवदह नगरपालिका-१० घोडाहा भन्ने स्थानमा राति करिब ९ बजेको अनियन्त्रित भएर पल्टिएको थियो। बस तीव्र गतिमा रहेको कारण दुर्घटना भएको हुन सक्ने पश्चिम क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय बुटवलका प्रमुख प्रकाश अधिकारीले बताए।

**दुर्घटनामा एकको मृत्यु**

उदयपुरको गाईघाट-कदमाहा सडक खण्डको त्रियुगा नगरपालिका-११ चुरियाको जंगलमा शनिबार राति बसको ठक्करले एक युवकको घटनास्थलमा नै मृत्यु भएको छ भने एक गम्भीर घाइते भएका छन्। ना३ख ३६८१ नम्बरको बसले ठक्कर दिँदा लहानबाट गाईघाट आउँदै गरेको स४प ७६०५ नम्बरको मोटरसाइकल चालक त्रियुगा नगरपालिका-२ गाईघाटका २८ वर्षीय दिनेश श्रेष्ठको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका नित्तिम प्रमुख प्रहरी नायब उपरीक्षक सुरेन्द्रबहादुर गुरुङले बताए।

अर्का घाइते त्रियुगा नगरपालिका-२ गाईघाटका आवेश ओझा गम्भीर घाइते भएका छन्। उनको विराटनगर स्थित न्युरो अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

### दुर्घटनामा दुईको मृत्यु

**मोरङ/रास–** भारतीय लरीले मोटरसाइकललाई ठक्कर दिँदा आइतबार अपराह्न दुई जनाको मृत्यु भएको छ। कोसी राजमार्ग अन्तर्गत विराटनगर-४ मा भएको दुर्घटनामा परी मोटरसाइलक चालक विराटनगर-१७ का ४५ वर्षीय पवन यादव र पछाडि सवार सप्तरीका ६० वर्षीय सर्जु यादवको मृत्यु भएको हो।

दक्षिणतर्फ आउँदै गरेको भारतीय एमएल०१डी ३३३० नम्बरको लरीले को१०प ९६५२ नम्बरको मोटरसाइलकलाई सोही दिशाबाट ठक्कर दिएको मोरङ प्रहरीले जनाएको छ। ब्रेक फेल भई अनियन्त्रित भएको लहरी टेलिफोनको पोलमा ठोक्किएको थियो। स्थानीयले घटनापछि लरीको सिसा फुटाइदिएका छन्। चालक र सह-चालह फरार रहेको र खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रमोद खरेलले बताए।

# नाकाबन्दीले ल्याउने समस्याको विकल्प खोज्न सुझाव

राजधानी संवाददाता
मोरङ, १९ पुस

दुई दिनसम्म विराटनगरमा चलेको नेकपा एमालेको कोसी अञ्चल भेलाले नाकाबन्दीले भोग्नुपरेको समस्या पुनः नबल्झिन दिन विकल्पको पहिचान गर्न सरकारलाई सुझाव दिएको छ।

विभिन्न १८ बुदे प्रस्ताव पारित गर्दै आइतबार सम्पन्न भेलाले नेपाल-भारत बिचको सन् १९५० को सन्धिको समयानुकूल संशोधन गर्न माग गर्दै विकल्पहरूको समेत पहिचान गर्न माग गरेको छ।

भेलाले चीनसँगको सीमा जोडिएका नाकाहरू अविलम्ब सञ्चालन गराउन र भारतसँग मात्र निर्भर व्यापारलाई विविधीकरण गर्न माग गरेको छ।

पूर्वी नाका काँकडभिट्टासँग नजिक रहेको बंगलादेशको चटगाउँ नाका सञ्चालन गराउने विषयमा जोड दिएर काम गर्नुपर्ने प्रस्ताव पनि भेलाले पारित गरेको छ।

यस्तै नेपाल-भारत सीमा नाकामा तारबार गरी आवतजावतमा परिचय पत्रको व्यवस्था गर्नुपर्ने प्रस्तावलाई भेलाले तेस्रो प्राथमिकतामा राखेर पारित गरेको छ।

पूर्वी तराईको झापा, मोरङ र सुनसरी जिल्लालाई टुक्राएर अर्को कुनै प्रदेशमा समावेश गर्ने कार्यको विरोध गर्दै भेलाले सरकारलाई त्यसप्रति गम्भीर ध्यानाकर्षण गराएको छ।

अरुण तेस्रो जलविद्युत् परियोजनालाई शीघ्र निर्माण गरी यस क्षेत्रको आर्थिक विकास र विद्युत् संकट समाधान गर्न पनि भेलाले जोड दिएको छ।

तराई मधेसमा जारी आन्दोलनलाई वार्ताको माध्यमबाट समाधान गर्न सुझाव दिँदै मधेसमा राज्यको उपस्थिति बलियो बनाउन पनि भेलाले माग गरेको छ।

भेलाबाट पारित प्रस्ताव सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा नेकपा एमालेका उप-महासचिव घनश्याम भुसालले संविधान जारी भएपछि मधेसमा फैलाइएको गलत भ्रम हटाउन एमाले मधेसका गाउँगाउँ पुग्ने तयारीमा लागेको बताए। कार्यक्रममा एमालेका सचिव प्रदीप ज्ञवालीले मधेस आन्दोलनमा आपराधिक प्रवृत्तिका मानिसहरू प्रवेश गरेर आन्दोलनलाइ अराजक तथा हिंसात्मक बनाउन खोजिएकाले त्यसतर्फ मधेसी जनता सजग हुनुपर्ने बताए।

### पर्खेर बस्न सकिँदैन : दाहाल

**मोरङ/रास–** एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले निहुँ खोजेर मात्रै हिँड्नेलाई सधैं साथ दिन नसकिने बताएका छन्। आइतबार विराटनगर विमानस्थलमा सञ्चारकर्मीसँगको कुराकानीमा उनले सहमतिमा आउन नचाहने र निहुँ मात्र खोज्दै हिँड्नेलाई राज्यले सधैंभरि पर्खन नसक्ने बताएका हुन्।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाकै एक घटक नेपाल सद्भावना पार्टीले वार्तामा बसेर समाधान खोज्नुको साटो मधेसी मोर्चाले भन्दा पनि फरक कार्यक्रम सार्वजनिक गरेपछि दाहालले यस्तो टिप्पणी गरेका हुन्।

सद्भावनाका अध्यक्ष राजेन्द्र महतोले सार्वजनिक गरेको छुट्टै आन्दोलनप्रति धेरै टिप्पणी गर्न आवश्यक नरहेको भन्दै अध्यक्ष दाहालले यो समय वार्ताबाट निकास खोज्नुपर्नेमा उनले जोड दिए।


Government of Nepal
Ministry of Federal Affairs and Local Development
Office of District Development Committee
District Technical Office
Project for Strengthening the National Rural Transport Program (SNRTP)
Arghakhanchi

**Intention for Award of Contract**

Date of Publication: 4 th January 2016

This is to notify to all concerned bidders (as per section 27(2) of the Public Procurement Act, 2063) that it is our intention to award the following contract published on 6 Oct, 2015 in the "Rajdhani" National daily newspaper to the following bidder selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criteria.

| S.N. | Name of work and contract ID | Name of recommended bidder | Total Bid Price excluding VAT (NRs.) |
|---|---|---|---|
| 1 | Construction of Khakabesi Khola Bridge at Ch.24+500, Sandhikharka-Pakale-Dharapani-Chujathanti Road, Contract identification No.: SNRTP/ARG/W/NCB-1.12/BRI-071/72 | M/S Rayamajhi-Lumbini Construction JV, Butwal-06, Rupandehi | 18,326,737.00 |

Chief District Engineer



**National Sports Council**
Tripureshwor, Kathmandu

**Expression of Interest**

Notice No: Con/DPR/EOI-02/072/073
*First date of Publication 2072/09/20*

**The National Sports Council (NSC)** invites eligible, qualified and experienced national Consulting Firm(s) to submit Expression of Interest (EOI) to provide consultancy services for the following jobs:

| Project Code | Project Name | Location |
|---|---|---|
| DPR-01/F-STD/12.15/72/73 | DPR of Reconstruction of Dharan Stadium complex | Dharan |
| | DPR of Construction of Simra Stadium complex | Simra |
| DPR-02/C-STD/06/72/73 | DPR of Construction of Bhairava Cricket Stadium | Bhairava |
| DPR-03/C-STD/03.04/72/73 | DPR of Construction of Baitadi Cricket Ground | Baitadi |
| | DPR of Mahendranagar Cricket Ground | Mahendranagar |
| DPR-04/ICH-/36/72/73 | DPR of International Covered Hall in TU, Kirtipur | Kirtipur |
| DPR-05/C-STD/61/72/73 | DPR of Pokhara Cricket Stadium | Pokhara |
| DPR-06/D-STD-/53/72/73 | Reconstruction of Dasarath Rangasala Premises in Kathmandu | Tripureswor, Kathmandu |

Consulting Firm(s) willing to provide the services are hereby invited to submit their "Expression of Interest" (EOI) for inclusion in the short list of each job. A hard copy of Standard EOI forms and further information can be obtained free of cost during office hours from the address given below upon submission of a letter of application along with notary certified company registration, VAT and tax clearance certificates and; a MOU only in case of Joint Venture applicant.

Interested and eligible Consulting Firms can form a Joint Venture (JV) or an association with a maximum two other consultants to enhance their qualifications. The EOI shall include adequate information including their organization, Relevant Experience, Professional Staff and Annual Turnover among others in Letter of Interest to demonstrate their qualification in the best manner.

The applicant shall submit separate EOI each for a **maximum of two packages only** in a sealed envelope that must reach the mentioned address no later than the 12:00 hours on the15th day from the first publication date. If the last day of submission happens to be a government holiday, the next consecutive office-opening day will be the last date.

**The EOI documents shall be addressed to:**
Member Secretary
**National Sports Council**
Tripureshwor, Kathmandu
Ph. No.: 01-4261873

EOIs received within the last date for submission will be opened at **14:00 hours** on **same day**. Only short-listed consultants will be invited to submit their Technical and Financial Proposals as per the Request for Proposal (RFP), to be provided to them at a later stage. NSC reserves the right to shortlist or not to shortlist any or all of the firms without assigning any reasons whatsoever.


# १० वर्षमा १८ बच्चालाई अभिभावकत्व



*बाँके कचनापुरस्थित दुर्गा भवानी सामुदायिक वनमा बेवारिसे फेला परेको अढाइ महिनाको बालकलाई काखमा लिँदै महिला तथा बालबालिका कार्यालयका फोकलपर्सन बिन्दु कुँवर। यी बालकले अहिले अभिभावकत्व पाइसकेका छन्।*

राजधानी संवाददाता
नेपालगन्ज, १९ पुस

महिला तथा बालबालिका कार्यालय बाँकेले १० वर्षको अवधिमा १८ बेवारिसे बच्चालाई अभिभावकत्व प्रदान गराएको छ।

कार्यालयका फोकलपर्सन बिन्दु कुँवरका अनुसार यो अवधिमा अभिभावकत्व पाउने १० छोरा र ८ छोरी छन्। महिला तथा बालबालिका कार्यालय बाँकेले २०६२ सालदेखि यस्ता बच्चा भेटिँदा जिल्ला बाल कल्याण समिति बाँकेको सिफारिसमा निःसन्तान दम्पतीलाई संरक्षण गर्न दिने गरेको छ। कार्यालयका फोकलपर्सन कुँवरले भनिन्, ‘छोरा कै खोजी गरेर आउनेहरू पनि धेरै छन्। छोरा नै चाहियो भन्नेलाई भन्दा पनि छोराछोरी जे भए पनि हामीलाई संरक्षण गर्न दिनुहोला भन्नेलाई प्राथमिकतामा राखेर जिल्ला बाल कल्याण समितिको सिफारिसमा दिने गरेका छौं।’

उनले संरक्षणमा दिइएका बच्चाको नाममा ५० हजार रुपैयाँभन्दा बढीको कोष बनाइदिने, राम्रो लालनपालन र पढाइ गराउने सर्तमा दिने गरिएको छ। बेवारिसे तथा अस्पतालका शय्यामा भेटिएका बालबालिका सन्तान नभएर भौँतारिएका दम्पतीले लैजाने भएकाले अहिलेसम्म यसमा कुनै त्यस्तो समस्या नआएको फोकलपर्सन कुँवरले बताइन्। संरक्षण गर्ने अभिभावकले बच्चाको जन्मदर्ता गराउने गरेका छन्।

जिल्ला बाल कल्याण अधिकारीलाई बेवारिसे बच्चा भेटिएमा राम्रो संरक्षण खोजेर दिने अधिकार रहेको छ। यस्ता बच्चा भेटिएमा हामीलाई दिनुहोला भनेरे वर्षौंदेखि निवेदन दिएर बसेका अझै १६ जना रहेको महिला तथा बालबालिका कार्यालयले जनाएको छ।

पछिल्लो पटक कार्यालयले जिल्लाको कचनापुरस्थित दुर्गा भवानी सामुदायिक वनमा बेवारिसे फेला परेको अढाइ महिनाको बालकको संरक्षण गर्न बाँके र काठमाडौंमा समेत घर रहेकी सिन्धुपाल्चोकका निःसन्तान दम्पतीलाई जिम्मा लगाइएको छ।

साथै झन्डै तिन महिनाअघि नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पताल नेपालगन्जमा छोरी जन्माएर बेवारिसे अवस्थामा आमा तथा आफन्त बेपत्ता भएका बालिकालाई बर्दिया राजापुरका निःसन्तान दाम्पतीलाई जिम्मा लगाइएको फोकलपर्सन कुँवरले जानकारी दिइन्।

## सम्पादकीय

# किसानका समस्यामा ध्यान देऊ

भूकम्प प्रभावित जिल्लाका २ लाख ४ हजार भूकम्पपीडित उच्च खाद्य संकटमा परेको तथ्य सार्वजनिक भएपछि यो वर्ष मुलुकमा खाद्य संकटले चरमरूप लिने सम्भावना बढेको छ। सामान्य अवस्थामा पनि मुलुकका केही भेगका नागरिकले हिउँदका केही महिना खाद्य संकटको मार खेप्नुपरेकै हुन्छ। त्यसमाथि यस वर्ष विनाशकारी भूकम्प र भारतले सुरु गरेको अघोषित नाकाबन्दीले मुलुकको अर्थतन्त्र ठप्प बनाएको छ। साथै, इन्धन अभाव र तराई आन्दोलनका कारण आन्तरिक रूपमा पनि यातायातको सहजता नहुँदा सामान ढुवानी गर्न समस्या परिरहेकै छ। विगतमा पनि कर्णाली क्षेत्रका केही जिल्लाका नागरिकले खाद्य संकटको सामना गर्दै आएका थिए। यस वर्ष खाद्य संकटको सूचीमा केही पहाडी जिल्लासमेत थपिएपछि खाद्य संकटको स्थिति थप भहावह हुने निश्चित छ।

पहाडी क्षेत्रमा बाली लगाउने बेलामै विनाशकारी भूकम्प गएको थियो। भूकम्पको त्रासले कतिले बाली लगाउनै पाएनन् त कतिले लगाएको बालीको पनि उचित स्याहारसम्भार गर्न पाएनन्। अर्को कुरा, वर्षायाममा प्रशस्त पानी नपर्दा पहाड र तराई क्षेत्रका धेरै खेत बाँझै रहेका छन्। धान प्रशस्त मात्रामा उत्पादन नहुँदा किसान त मारमा परे नै किनेर खाने उपभोक्ता पनि महँगो मूल्य तिर्न विवश भए। तराईका केही क्षेत्रमा धान उत्पादन राम्रै भए पनि सरकारले बेलैमा मूल्य नतोकिदिँदा किसान थप मारमा परेका छन्। कात्तिकदेखि मंसिरसम्ममा तराईमा धान भित्र्याइसक्ने चलन छ भने धान बिक्रीबाट आएको पैसाले कतिपय किसानले घर चलाउने गरेका छन्। तर, हाम्रो सरकारले आजको मितिसम्म तराई क्षेत्रमा धानको मूल्य नतोकिदिँदा किसान कौडीको भाउमा धान बेच्न बाध्य छन्। अहिले बेचेको धानको मूल्यले बिउ, मल, खेतालाको लागतसमेत नथेगेको भुक्तभोगी किसानको भनाइ छ। नेपालमा जे जति धान उत्पादन हुन्छ, त्यसको उचित मूल्य तोकिदिनु सरकारको कर्तव्य हो। जसले वर्षायाममा दुःख गरेर धान उत्पादन गर्‍यो, उचित मूल्यमा बेच्न पाउनु उसको अधिकार हो।

अहिले नेपाली किसान दोहोरो मारमा परेका छन्। आफूले उत्पादन गरेको धान कम मूल्यमा बिक्री गर्न बाध्य किसान केही महिनापछि आफूलाई आवश्यक पर्ने खाद्यान्न दोब्बर मूल्यमा किन्न विवश हुने सम्भावना पनि उत्तिकै छ। राम्रै उत्पादन हुँदा त फागुनदेखि भदौसम्म धान, चामल र मकैको मूल्य महँगो हुन्छ, यसपालि त उत्पादनै कम भएको छ। किसानले उत्पादन गरेको धानको मूल्य नतोकेर सरकारले एउटा गल्ती गरिसकेको छ। फेरि अर्को गल्ती नगरोस् भन्नका लागि सरकारले बेलैमा मुलुकलाई आवश्यक पर्ने खाद्यान्न आयात गर्नुपर्छ। किनकि, किसानलाई राहत र सर्वसाधारण नागरिकलाई खाद्यान्नको व्यवस्था गर्नु सरकारको न्यूनतम दायित्व हो। सर्वसाधारणले भोग्दै आएका धेरै खालका समस्यालाई बेवास्ता गरेको सरकारले ढिलै किन नहोस्, खाद्यान्न आयात गर्दै सर्वसाधारणलाई सहज वितरण गर्‍यो भने सरकारले केही मात्रामा भए पनि जस त पाउँछ नै, किसान र सर्वसाधारणले पनि राहतको महसुस गर्नेछन्।

# भ्रष्टाचार नियन्त्रणका उपाय



■ श्यामप्रसाद मैनाली

नेपाल अत्यन्त धेरै भ्रष्टाचार हुने देशमा पर्दछ। दक्षिण एसियामा सबैभन्दा भ्रष्ट मुलुकका हिसाबले दोस्रो स्थानमा रहेको पाइन्छ नेपाल। भ्रष्टाचार नियन्त्रणको दिशामा थुप्रै प्रकारका कानुनी र संरचनात्मक व्यवस्था गरिएका छन्। भ्रष्टाचार नियन्त्रणमा देशले उल्लेखनीय प्रगति गर्नुको अलावा देशमा संस्थागत भ्रष्टाचार मौलाउँदै गएको छ। भ्रष्टाचार नियन्त्रण गर्ने अधिकार प्रत्यक्षतः अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पाएको भए पनि यसमा भ्रष्टाचार रोक्ने दिशामा सम्बन्धित निकायका विभागीय प्रमुख, कार्यालय प्रमुख, सतर्कता केन्द्र, जिल्ला प्रशासन, स्थानीय निकायका सचिव आदिसमेत जिम्मेवार हुन्छन्। तर, अपवादलाई छाडेर हेर्दा राजनीतिक तहदेखि कर्मचारीहरू सबै भ्रष्टाचारको मूल प्रवाहमा निश्चिन्त रूपमा प्रवाहित भइराखेका छन्।

आखिर किन भ्रष्टाचार बढ्दै गएको हो त ? यसका पछाडि धेरै पक्ष जिम्मेवार छन्। पञ्चायतकालदेखि हालको अवस्थासम्म आइपुग्दा भ्रष्टहरूले नै यो देशको तालाचाबी लिएर बसेका पाइएको छ। पञ्चायतकालमा ‘राष्ट्रिय पञ्चायत’ नाम गरेको नाम मात्रको जनप्रतिनिधिमूलक निकाय थियो। सबै पञ्च राजतन्त्रलाई खुसी राखी भ्रष्टाचारमा निर्लिप्त थिए। त्यस बखतका चर्चित भ्रष्टाचारका काण्ड सतहमा देखिएका थिए। तिनको नाम लिनुपर्दा गाई काण्ड, गधा काण्ड, कार्पेट काण्ड आदि थिए। ०३६ सालको जनमतसंग्रहमा निर्दलीय पञ्चायतको पक्षमा वातावरण तयार पार्न भ्रष्टाचारलाई नै सहारा लिने काम भयो। सबै साधारण जनताको घरदैलोबाट दिनदहाडै नेपालको चारकोसे झाडी फडानी गरी मित्रराष्ट्र हिन्दुस्तानमा काठ र काठजन्य वस्तु तस्करी गर्ने स्वतन्त्रता राज्यले प्रदान गर्‍यो। तराई क्षेत्रमा रहेका जोकोही यसको चस्मोदित गवाह वा प्रत्यक्षदर्शी हुन् भने त्यस बेलाका महापञ्चहरू काठ तस्करको नेतृत्व लिनेमा पर्दथे। यस्तो खुलेआम भ्रष्टाचार हुँदा यसको विपक्षमा जनता खासै बोलेनन्।

दरबारलाई पञ्चायतलाई जिताउनु थियो, यसका लागि जुनसुकै मूल्य चुकाउन दरबार तत्पर देखिन्थ्यो। यसरी खुलेआम भ्रष्टाचारलाई प्रोत्साहन दिने काम त्यस समयमा दरबारले गर्‍यो, किनकि उल्लिखित भ्रष्टाचार प्रकरणमा घनिष्ठ रूपले सम्बन्धित देखिएका अपराधीहरू सधैं देशको महत्त्वपूर्ण जिम्मेवारीमा रहे। दरबारले चाहँदा उनीहरूमाथि कारबाही हुन सक्थ्यो। त्यसबखत निरपेक्ष राजा थिए, जो संविधानभन्दा माथि हुन्थे भने भ्रष्टाचार नियन्त्रणको निकाय त्यसबखतको अख्तियार दुरुपयोग निवारण आयोग आफैं अनुसन्धान गर्ने र आफैं फैसला दिने हैसियत राख्थ्यो। यो आयोगका प्रमुख आयुक्तलगायत अन्य आयुक्त राजभक्त मात्रै रहने गर्दथे। त्यसबेला राजतन्त्रले भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्थ्यो, तर त्यस प्रकारको इच्छाशक्ति दरबारले देखाएन।

पञ्चायतकालमा दरबारसँग महापञ्चहरू डराउँथे। तर, प्रजातन्त्रको पुनर्बहालीपछि राजनीतिक दलहरूले अभयदान प्राप्त गरे। राजनीतिक व्यक्तिहरू खुला रूपमा भ्रष्टाचार गर्न थाले। निर्वाचन अत्यन्त महँगो हुँदै गयो। सरकार टिकाउन ठूलो धनराशि खर्च हुन थाल्यो। सरकारमा रहनेहरू प्रायः सबै भ्रष्ट बन्दै गए। राजनीतिक दल भ्रष्टाचारलाई संस्थागत गर्ने सहयोगी संयन्त्रका रूपमा देखिए। उच्च मनोबल भएका सच्चरित्रवान् व्यक्तिहरू मूकदर्शक बन्दै गए। भ्रष्टहरूको मूल प्रवाहमा उनीहरू स्वतः हराए। राज्य संयन्त्रमा सर्वत्र भ्रष्टहरू मात्रै देखिए। यसलाई नियन्त्रण गर्नेतर्फ सरकार र राजनीतिक दलहरूले थोरै मात्र पनि इमानदारिता देखाएनन्। पञ्चायतकालमा दरबारको आशयअनुसार मात्र अघि बढ्ने सरकारलगायतको संयन्त्र प्रजातान्त्रिक युगमा स्वच्छन्द हुँदै अभयदान प्राप्त गर्दै गयो। यस अवधिमा भ्रष्टाचारलाई सैद्धान्तिक विषयमा मात्रै सीमित गरियो। यसको प्रमाणका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई ठूलाठूला भ्रष्टाचारका मामिला हेर्ने अधिकार नदिई सानातिना भ्रष्टाचारका मुद्दाहरूमा मात्रै सीमित गरी यसको अधिकार क्षेत्रमा नियन्त्रण गरियो। संवैधानिक व्यवस्था यस्तो गरियो कि उच्चपदस्थ एवं चतुर र भ्रष्ट पदाधिकारीलाई आयोगले प्रश्न गर्न नसक्ने व्यवस्था गरियो। उदाहरणका लागि, न्यायाधीशहरू, संवैधानिक निकायका प्रमुखहरूलगायत अन्य सदस्य तथा आयुक्तहरू, महालेखा परीक्षक, सैनिक ऐनअनुसार कारबाही हुने पदाधिकारीलाई आयोगले प्रश्न गर्ने हैसियत नहुने संवैधानिक व्यवस्था गरियो। यसका अतिरिक्त मन्त्रिपरिषद्का जुनसुकै निर्णय आयोगले प्रश्न गर्न नपाउने व्यवस्था गरियो।

**जसरी पञ्चायतकालमा राजतन्त्रले भ्रष्टाचार नियन्त्रण गर्ने उत्साह र जाँगर देखाएन, त्यसैगरी ०४६ सालपछि देखिएका प्रभावशाली राजनीतिक दलहरू भ्रष्टाचारलाई आत्मसात् गर्दै यसैको संस्थागत र सुदृढीकरणमा जुटिराखेका छन्। त्यसैले नेपालमा भ्रष्टाचार आउँदा दिनहरूमा अझै सुदृढ हुनेछ। जो सबैभन्दा बढी भ्रष्ट छ, उसैबाट सच्चरित्रता र इमानदारिताको उपदेश सुन्नुपर्ने अवस्था छ।**

भ्रष्टाचारजन्य क्रियाकलापलाई निर्बाध रूपमा अघि बढाउन संसद्, संसदीय समितिले लिएका नीतिगत निर्णयहरू, गरेका क्रियाकलाप, न्याय सम्पादनका सिलसिलामा अदालतबाट भएगरेका कामकारबाहीहरू, विदेशी मामिलासँग सम्बन्धित, अन्तर्राष्ट्रिय र क्षेत्रीय संघसंस्थाका क्रियाकलापसँग सम्बन्धित र शान्ति सुरक्षाको अवस्थासँग सम्बन्धित हो भनी मुख्य सचिवले प्रमाणित गरेका, आपराधिक कार्यको अनुसन्धान र तहकिकातसँग सम्बन्धित, जाँचबुझ आयोगको कार्य क्षेत्रबाहिरको विषय, अलंकार, सम्मान र पुरस्कार प्रदान गर्ने विषयसमेत आयोगको कार्य क्षेत्रभित्र राखिएको छ। यसको आडमा ठूलाठूला नीतिगत भ्रष्टाचारहरू स्वतः वैध हुने र यस्ता ठूला अपराधीहरू समाजमा सम्मानित व्यक्तित्वका रूपमा स्थापित हुने अवस्था बन्यो। मन्त्रीहरू ठूलाठूला भ्रष्टाचारजन्य मामिला मन्त्रालयकै कार्यक्षेत्रभित्र पर्दासमेत मन्त्रिपरिषद्बाट निर्णय गराई उन्मुक्ति प्राप्त गर्ने चतुर्‍याइँ गर्न थाले। जसरी पञ्चायती समयमा राजतन्त्रले भ्रष्टाचार नियन्त्रण गर्ने उत्साह र जाँगर देखाएन, त्यसैगरी ०४६ सालपछि देखिएका प्रभावशाली राजनीतिक दलहरू भ्रष्टाचारलाई आत्मसात् गर्दै यसैको संस्थागत र सुदृढीकरणमा जुटिराखेका छन्। त्यसैले नेपालमा भ्रष्टाचार आउँदा दिनहरूमा अझै सुदृढ हुने छ। जो सबैभन्दा बढी भ्रष्ट छ, उसैबाट सच्चरित्रता र इमानदारिताका उपदेश सुन्नुपर्ने अवस्था छ। हाल देशले भोगिराखेको यो भ्रष्ट अवस्थाबाट जनता परिचित छन्। उनीहरूले जोकोही व्यक्तिको विगत र वर्तमानलाई राम्ररी अध्ययन गरिराखेका छन्। जनताले यो सबै तितो यथार्थलाई आफ्नो मनमस्तिष्कमा राम्ररी संरक्षण गरिराखेका छन्। भ्रष्टहरूकै राज चलेकाले मुख खोलेका छैनन्। जुन दिन जनताले मुख खोल्ने छन्, त्यस दिन देशका भ्रष्टहरूको अवस्था अत्यन्त दुःखद हुनेछ।

नेपालमा भ्रष्टाचारको अवस्था अध्ययन गर्दा यसले जुन स्तरमा समाजलाई नै विकृत बनाउँदै गएको छ, यसबाट नेपालमा सार्वजनिक जिम्मेवारीमा रहेका प्रायः सबै भ्रष्टाचारको चास्नीमा निर्धक्क भई डुबुल्की मार्न मानसिक रूपमा तयार देखिन्छन्। जो मूल प्रवाहीकरण भएका छैनन्, उनीहरूले भ्रष्टाचार गर्ने उपयुक्त अवसर नपाएका वा पाउँदासमेत आँट नभएकाहरू हुन् कि भन्ने सन्देह हुन थालेको छ। देशको यस्तो विकराल अवस्थामा सुधार ल्याउन भ्रष्टाचारविरुद्ध जनचेतना फैलाई जनस्तरबाटै भ्रष्टहरूलाई कानुनको कठघरामा ल्याई सशक्त कारबाही हुनुपर्छ। कानुनको दृष्टिमा सबै समान हुने वातावरण व्यवहारमै प्रत्याभूत हुनु जरुरी छ। नागरिक समाजलगायत सामाजिक संघसंस्था सबै भ्रष्टाचार नियन्त्रणको अभियानमा युद्धस्तरमा लाग्नु अत्यावश्यक देखिएको छ।

पदाधिकारीलाई स्वविवेक प्रयोग गर्ने अवसर कम गर्दै अधिकारको कार्यान्वयन र प्रयोग गर्दा एकभन्दा बढी व्यक्ति वा पदाधिकारी संलग्न हुने व्यवस्था मिलाउनुपर्छ। अधिकारको अत्यधिक निक्षेपण जरुरी छ र स्थानीय सरकारलाई सक्षम बनाउनुपर्छ। प्रक्रियागत सरलीकरणका लागि शीघ्र कार्य प्रारम्भ हुनुपर्छ। कर्मचारीतन्त्रको जटिलता सेवाग्राही जनताको शोषण गर्ने चक्रव्यूह प्रमाणित भइराखेका छन्। सबै प्रक्रिया पारदर्शी हुनुपर्छ, जसमा सर्वसाधारण सबैको सहज पहुँच स्थापित हुन सकोस्। भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरू आफैंमा प्रजातान्त्रिक प्रक्रियाअनुसार कार्य गर्न अभ्यस्त हुनुपर्छ। यसका लागि सम्पूर्ण प्रक्रिया र सो प्रक्रियाका आधारमा लिइएका निर्णयलाई पारदर्शी बनाउँदै सबै सेवाग्राहीबिच व्यवहारमै समानता प्रदान गर्नुपर्छ। भ्रष्टाचार नियन्त्रण गर्ने अधिकारीहरू व्यावसायिक रूपले दक्ष, निष्पक्ष, सच्चरित्रवान् र जनताका नजरमा सबै हिसाबले उपयुक्त देखिने हुनुपर्छ।

अख्तियारको तर्फबाट मुद्दा दायर हुँदा यसको बहस पैरवीसमेत नेपाल सरकारका न्यायाधिवक्तामार्फत हुने गरेको छ। यो प्रक्रियाको विकल्पमा गुणस्तरयुक्त कानुनी क्षेत्रका विज्ञहरूको व्यवस्था आयोगकै पूर्णकालीन कर्मचारीकै रूपमा गरिनुपर्दछ। भ्रष्टाचारसम्बन्धी मुद्दाहरू मात्रैको सुनवाइ गरी निर्णयमा पुग्न छुट्टै अदालतको व्यवस्था हुनुपर्छ। यी उपायहरूद्वारा दृढ संकल्पित भई अघि बढ्दा नेपालमा भ्रष्टाचार केही कम गर्न सकिन्छ। यसलाई नियन्त्रण गर्ने विषयलाई महत्त्व दिँदै विभिन्न प्रकारका अधिकारसम्पन्न दौडाहा टोली प्रत्येक क्षेत्रमा गठन गरी सो टोलीबाट छानबिन र तहकिकात गर्दै भ्रष्टाचार भएगरेको देखिएमा आफ्नो प्रतिवेदनसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेस गर्ने र आयोगले आवश्यक औपचारिकता पूरा गरी दोषीलाई पुर्पक्षका लागि अदालतसमक्ष पेस गर्ने प्रक्रिया द्रुतगतिमा अघि बढाउनुपर्छ। यसो भएमा भ्रष्टाचार नियन्त्रण हुँदै गएको अवस्थाको अनुभूति गर्न सकिन्छ। तर, देश सञ्चालनको जिम्मेवारीमा रहेका राजनीतिज्ञकै उद्देश्य भ्रष्टाचारमा अभ्यस्त हुँदै रातारात नवधनाढ्य बन्दै जाने र यिनै भ्रष्टहरूलाई सम्मान गर्ने संस्कृति नेपाली जनतामा देखिँदा भ्रष्टाचार नियन्त्रणको विषय कठिन बन्दै गएको छ।

राजनीतिक क्षेत्रमा शुद्धीकरण नआई कर्मचारी संयन्त्र शुद्ध हुन सक्दैन। त्यसैले, सबैभन्दा पहिला राजनीतिज्ञमै भ्रष्टाचार नियन्त्रण गर्ने इच्छाशक्ति हुनुपर्छ। राजनीतिज्ञहरू र भ्रष्टाचार नियन्त्रण निकायहरूका पदाधिकारीबाट भ्रष्टाचार भएका अन्य सोही प्रकृतिका अपराधीले पाएको दण्डको भन्दा दोब्बर दण्ड एवं सजाय गरिनुपर्छ र एकपटक अदालतबाट भ्रष्टाचारको कसुरमा सजाय पाएको व्यक्तिले आजीवन राजनीतिमा भाग लिन नपाउने व्यवस्था अनिवार्य रूपमा गर्नुपर्छ। यसो भएमा मात्र हाम्रो देशमा संस्थागत हुँदै गएको भ्रष्टाचाररूपी महारोगको नियन्त्रणमा केही प्रगति हुनेछ। तर, राजनीतिज्ञहरूको हालसम्मको रवैया अध्ययन गर्दा भ्रष्टाचार नियन्त्रणलाई प्रमुख एजेन्डा बनाउन तयार देखिँदैनन्। यस अर्थमा अब आउने वर्षहरूमा दक्षिण एसिया क्षेत्रमा सबैभन्दा भ्रष्ट देशको कीर्तिमान हाम्रै देशले राख्ने सम्भावना बढ्दै गएको छ।

*(मैनाली पूर्वसचिव हुन्।)*

# उपेक्षित ‘लाहुरे’



■ डा. सुधन पौडेल

‘लाहुरे’ नेपालीको धेरै पुरानो र प्रिय पहिचान हो। यो शब्दले आफ्नो थातथलो छोडेर स्थायी या अस्थायी रूपमा कामको खोजीमा बिदेसिने नेपालीलाई बुझाउँछ। हाल पाकिस्तानमा पर्ने पन्जाब प्रान्तको राजधानी ‘लाहोर’लाई नेपाली लवजमा उच्चारण गर्दा ‘लाहुर’ भन्ने गरिएको हो। ‘लाहुरे’ शब्दको सम्बन्ध यसै ‘लाहोर’सँग छ। नेपाल-अंग्रेज युद्धताका गोर्खाली सेनाका कप्तान बलभद्र कुँवर अहिलेको देहरादुननजिकको नालापानीमा लड्दै गर्दा अंग्रेजहरूले पानीको मुहान नै सुकाइदिएर नाकाबन्दी गरेपछि बाध्य भएर किल्ला छाडी भागेका थिए। त्यहाँबाट भागे पनि अश्वत्थामाको जस्तो प्रतिशोधको आगोले जलिरहेको उनको मनमा अंग्रेजहरूसँग लड्ने रहर हराएको थिएन। यही प्रतिशोधमा रन्थनिँदै आजभन्दा सवा २ सय वर्ष जति अघि उनी पन्जाबको लाहोर पुगे र अंग्रेजहरूसँग लडिरहेका पन्जाबी सम्राट् रणजित सिंहको सेनामा भर्ना भए। सायद, नेपालबाट अर्काका लागि लडिदिन जाने पहिलो ‘लाहुरे’ उनै थिए। बलभद्रको ‘लाहोर यात्रा’पछि नेपाली लाहोर जाने र पन्जाबी सेनामा भर्ना भई ‘लाहुरे’ बन्ने परम्परा सुरु भयो। नेपाली लाहुरेहरूको शूरता र वीरताको कथा व्यापक बन्दै गएपछि बेलायतले सन् १८१५ तिर गोर्खा भर्ती खुलायो र नेपाली युवालाई आफ्नो सेनामा औपचारिक प्रवेश दियो।

अंग्रेजी सेनाको नुनपानी खाएर फकल्यान्डको टापु, बर्मा, जापान र जर्मनी आदि अनेकौं देशमा नेपाली लाहुरेले आफ्नो स्वामीभक्ति देखाए। नेपालीको रणकौशल र इमानदारी विश्वकै सैन्य इतिहासमा विशिष्ट उदाहरण बन्न पुग्यो। गोर्खाली सेनाको नाम सुन्दा विश्वका ‘मै हुँ’ भन्ने सैन्य टुकडीहरूको हंसले ठाउँ छोडेका अनेकौं कथा संसारको युद्ध इतिहासमा सुन्न पाइन्छ। खुकुरीको धारमा जिन्दगी अड्याएर लड्ने यिनै लाहुरेहरू घर फर्किंदा गाउँका सोझासिधा जनताका लागि अर्कै ग्रहबाट फर्केका प्राणीजस्ता लाग्न थाले। उनीहरू नेपाली युवाका लागि अनौठा रोल मोडल र आदर्श बन्दै गए। यसरी ‘लाहुरे’ले नेपाली समाजभित्र विशिष्ट सम्मान र पृथक् मूल्य पाउँदै गयो।

कालान्तरमा ‘लाहुरे’ शब्दको सामान्यीकरण भयो र यसको पुरानो अर्थमा विस्तार हुँदै गयो। अर्थ विस्तारकै कारण विदेशमा गएर नोकरी गर्ने हरेक नेपाली जवानलाई ‘लाहुरे’ विशेषण लगाउन थालियो। यसरी बिस्तारैबिस्तारै ‘लाहुरे’ शब्द सैन्य सेवासँग सम्बन्धित व्यक्तिलाई बुझाउने शब्द मात्र नरहेर जुनकुनै पेसा वा व्यवसायका निम्ति बिदेसिने व्यक्तिलाई बुझाउन पनि व्यवहृत हुन थाल्यो। देशभित्र ‘मतवाली’ भनेर उपेक्षा गरिएका पहाडी मूलका मगर, गुरुङ, राई, लिम्बु र तामाङ समुदायका युवा बिस्तारै ‘लाहुरे’ बन्न थाले। ‘लाहुरे’ हुँदाका व्यथा, पीडा र वेदनाका गारतहरू बाहिर नदेखिए पनि लाहुरेहरूले लामो समयपछि घर फर्किंदा ल्याउने उपहार, लत्ताकपडा, रैरकम र उनीहरूको सानसौकतका कारण ‘लाहुर’ नेपाली युवाको सपनासँग गाँसिँदै जान थाल्यो। यही सपनाको फेरोमा रंगिएर अहिले पनि गोर्खा भर्तीमा जान चाहने नेपाली युवाको संख्या अनगिन्ती छ। सोझा नेपाली लाहुरेहरू केवल रोजीरोटीका लागि गुमनाम जस्तै बनेर अर्काको देशका निम्ति आफूलाई सर्वतोभावेन समर्पित गर्दै आएका छन्। भावनात्मक दृष्टिले यस्तो समर्पणको खासै महत्त्व नभए पनि जीविकोपार्जनका लागि त्यहाँबाट प्राप्त भइरहेको योगदान उल्लेख्य छ, यसलाई उपेक्षा गर्न सकिँदैन। नेपाली समाजमा बसाइँसराइको मूल प्रेरकतत्त्व पनि यही ‘लाहुरे’ संस्कृतिभित्रै निहित छ। त्यसो त ‘लाहुरे’ शब्द मान्छेको मनोविज्ञानकै प्रतिबिम्ब हो। हरेक मान्छे भ्रमणप्रिय छ, त्यसैले शब्द अर्को भए पनि ‘लाहुरे’ संस्कृति नेपालमा मात्र होइन, विश्वका हरेक देशमा देखापर्छ। बढ्दो विश्वव्यापीकरणका कारण हाल आएर ‘लाहुरे’ संस्कृति आप्रवासी संस्कृतिमा रूपान्तरित हुँदै छ र यसले बसाइँसराइलाई समेत व्यापक रूपमा प्रवर्द्धन गर्दै लगेको छ।

**विश्वका विकसित मुलुकहरूसँग प्रतिस्पर्धा गर्न पाखुरा खैंचिरहेको आधुनिक र सभ्य भनाउने भारतको श्रम कानुनले त यी अभागीलाई छुने कुरै भएन, यी गरिब र उपेक्षितहरूबारे अन्तर्राष्ट्रिय मानवअधिकार संगठनहरू, खासगरी एमनेस्टी इन्टरनेसनलजस्ता संस्थाले समेत आवाज उठाएको देखिँदैन।**

आज आएर नेपाली जनजीवनमा ‘लाहुरे’ एउटा मिथक बनिसकेको छ। अरूभन्दा विशिष्ट र भिन्न विषय सन्दर्भलाई बुझाउनुपर्दा यो शब्द विशेषणस्वरूप प्रयोग हुने गर्छ। राम्रो, लोभलाग्दो र अंगप्रत्यंग चट्ट मिलेका अनेकौं ‘लाहुरे’ कुराहरू नेपाली समाजमा प्रचलित छन्। लाहुरी वा लाहुरे भैंसी, लाहुरे फूल, लाहुरे फुली, लाहुरे ताल यसका केही उदाहरण हुन्। बाहिरबाट हेर्दा बडो आकर्षक र मनमोहक तर भित्रचाहिँ खोक्रो र अस्थायी बासनाप्रधान मायाप्रीतिलाई ‘लाहुरे माया’ भन्ने चलन पनि हाम्रो समाजमा प्रचलित छ।

नेपालको सामाजिक संरचनामा रहेको विविधता भारततिर जाने ‘लाहुरेहरू’को लर्कोमा पनि प्रतिबिम्बित हुन्छ। नेपाल र भारतबिच साँच्चै भन्ने हो भने सरकारी र जनस्तर दुवैमा प्रेम र घृणाको सम्बन्ध छ। त्यसैले भारतको ‘ठुल्दाइ’ प्रवृत्ति र हेपाहा व्यवहार मन नपर्दा नपर्दै पनि कोही पढ्नका लागि, कोही व्यापारका लागि, कोही तीर्थाटनका लागि, कोही औषधि उपचारका लागि, कोही तालिम लिनका लागि, कोही मजदुरी र कामका लागि भारत गइ नै रहेका छन्। मजदुरी र कामका लागि जानेहरूमा पनि जो अलिअलि लेखपढ गरेका र हिन्दी अनि अंग्रेजीको सामान्य ज्ञान राख्नेहरू छन्, उनीहरूले अलिक थोरै समस्याको सामना गर्नुपर्छ। जो सारै सोझा, नेपालमा समेत पुरै किनारा लागेका र समाजको पिँधमा रहेका साँच्चै सर्वहारा नेपाली हुन्, उनीहरूले सामना गर्ने समस्या अनगिन्ती हुन्छन्। उनीहरूको पक्षमा बोलिदिने कोही हुँदैन। उनीहरूका लागि देशभित्र त कोही छैन भने अर्काको देशमा झन् कसले चासो राख्ने ? आफ्नो भाग्यलाई दोष दिनुबाहेक उनीहरूका सामु अरू कुनै विकल्प बाँकी रहँदैन। त्यसैले जानकारहरू भन्छन्, भारतकेन्द्रित कामदारका समस्या कानुनी पक्षसँग भन्दा पनि मनोविज्ञानसँग जोडिएका छन्। वस्तुतः ‘लाहुरे’हरूको जिन्दगानी बाहिर देखिएजस्तो आकर्षक र सुकिलो छैन। यो स्वयंमा पीडा नै पीडाको महासागर जस्तो छ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रले दिएको परिभाषाअनुसार रोजगारीको सिलसिलामा घर छोडेर तिन महिनाभन्दा बढी समय अन्यत्र गई बसेको र तिन वर्षभित्र घरमा आइजाई गरिरहेको व्यक्तिलाई आप्रवासी कामदार भनिन्छ। केन्द्रको यो परिभाषा मानिसको यौन मनोविज्ञानलाई केन्द्रमा राखेर एचआईभी/एड्स कार्यक्रमका सन्दर्भमा निर्माण भएको देखिन्छ। घर छोडेर नयाँ ठाउँमा पुगेको मानिस तिन महिनासम्म त्यस ठाउँबारे जानकारी लिन र आफ्नो परिस्थितिलाई व्यवस्थित गर्न व्यस्त रहन्छ र तिन महिनापछि उसमा स्वाभाविक यौन आकर्षण पैदा भई ऊ यौन गतिविधितर्फ अग्रसर हुन्छ भन्ने मान्यताका आधारमा उक्त परिभाषा निर्माण भएको हो। परिभाषा जसरी निर्माण भएको भए पनि आखिर नेपाली ‘लाहुरेहरू’समेत आप्रवासी कामदार नै हुन्।

आप्रवासनको प्रकृति, प्रवृत्ति र शैलीबारे सरकारी निकायभित्रै पनि समान धारणा पाइँदैनन्। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले आप्रवासन (माइग्रेसन) भन्नाले विशेषगरी भारतकेन्द्रित आप्रवासनलाई नै महत्त्व दिएको देखिन्छ। तर, श्रम मन्त्रालयले आप्रवासन भन्नेबित्तिकै भारतबाहेक तेस्रो मुलुकलाई महत्त्व दिन्छ। भारतमा काम गर्न जाने ‘लाहुरेहरू’ नेपाल सरकारका नजरमा आप्रवासी नै होइनन्, त्यसैले उनीहरूका समस्याबारे सरकारले कुनै टाउको दुखाउन चाहँदैन।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले गरेको एउटा अध्ययनमा नेपालका पूर्व र माझमा पर्ने तिनओटा विकास क्षेत्रको तुलनामा पश्चिमी भेगका मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलबाट रोजगारीका लागि तेस्रो मुलुकमा जाने जनशक्तिको संख्यात्मक तथ्यांक कम छ। यस्तो हुनुका कारण विभिन्न हुन सक्छन्। त्यसमध्ये एउटा प्रमुख कारण हो- दुईओटा विकास क्षेत्रबाट रोजगारीको खोजीमा हिँड्ने श्रमिकले अझै पनि भारतलाई नै विदेश ठानिरहेका छन्। मध्यपश्चिम र सुदूरपश्चिम विकास क्षेत्रमा अझै पनि खेतबारीको काम सिध्याएपछि पुस, माघतिर भारतका सिमला, गढवाल, लद्दाख, कालापानी, चण्डीगढ, कास्मिर र आसाम आदि हिमाली भेगमा बाटो खन्न, कोइला ओसार्न, मजदुरी गर्न र स्याउ टिप्न जाने नेपाली युवायुवतीको लर्को लाग्ने गर्छ। उनीहरू पुसदेखि जेठसम्म झन्डै ६ महिना उतै रल्लिन्छन्। अनौपचारिक क्षेत्रमा काम गर्ने यी मौसमी श्रमिकले फुर्सदको बेलामा १०, २० हजार रुपैयाँ कमाएर ल्याउँछन्, जसबाट उनीहरूका बाँकी दिन अलिक सहज हुन्छन्। यसले के कुरा सिद्ध गर्छ भने भारत जानुका पछाडि रहेको प्रमुख कारण बेरोजगारी र जीविकोपार्जनको संकट नै हो। तराईमा भन्दा पहाडमा जीविकोपार्जनको समस्या प्रबल रहनु र भौगोलिक कारण पनि कारक भइदिनुले ‘लाहुरे’ भन्नासाथ पहाड स्वतः जोडिन आइपुग्छ। ६ महिना भारतमा रल्लिँदाको अवधिमा लाहुरेहरूले राम्रा कुरासँगै नराम्रा कुरा पनि आफूसँग लिएर फर्किन्छन्। यसैकारण भारतकेन्द्रित रोजगारीको एउटा महत्त्वपूर्ण पहलु स्वास्थ्यसँग पनि जोडिएको छ। नेपालमा एचआईभी/एड्स फैलिनुमा बसाइँसराइको बढ्दो प्रवृत्ति र त्यसमा पनि भारत जाने ‘लाहुरे’हरूको भूमिकालाई जोडेर हेर्ने गरिन्छ।

पछिल्ला दिनमा ‘लाहुरे’ शब्दको अर्थापकर्ष (अर्थमा क्षय) हुँदै गएको छ। अहिले ‘लाहुरे’ भन्नाले भारतमा काम गर्न जाने दलित, उपेक्षित र पिछडिएको समुदायका निरीह नागरिक चिनिन्छन्। खाडी मुलुकसम्म जानका निम्ति एक, डेढ लाख रुपैयाँसमेत जुटाउन नसक्ने अतिसीमान्तकृत समुदायका र सबैले धकेलेर भित्तामा पुर्‍याएका नेपालीहरू नै आजका ‘लाहुरे’ हुन्। कमसे कम खाडी मुलुकमा गएर पसिना चुहाउनेहरू मरे भने त एक, डेढ महिनामा भए पनि बन्द बाकसमा कोचिएको लास आइपुग्छ, तर भारतमा काम गर्न जानेहरू त यति हतभागी हुन्छन्, जो मरे भने लाससमेत आउँदैन।

विश्वका विकसित मुलुकहरूसँग प्रतिस्पर्धा गर्न पाखुरा खैंचिरहेको आधुनिक र सभ्य भनाउने भारतको श्रम कानुनले त यी अभागीलाई छुने कुरै भएन, यी गरिब र उपेक्षितहरूबारे अन्तर्राष्ट्रिय मानवअधिकार संगठनहरू, खासगरी एमनेस्टी इन्टरनेसनलजस्ता संस्थाले समेत आवाज उठाएको देखिँदैन। वास्तवमा भारतमा चौकीदारी, कोठीको काम र मजदुरी गर्न जाने मजदुरहरूको अवस्था निकै दयनीय छ। अत्यधिक गर्मी, पोषणयुक्त आहारको कमी, बस्नका लागि हावा नछिर्ने फोहोर ठाउँ र मालिकहरूको अनुदार व्यवहार सहेर अत्यन्त न्यून ज्यालामा हाड घोटेर काम गर्न उनीहरू विवश छन्।

लाहुरेहरूको समस्याबारे नेपाल र भारतबिच सरकारी तथा गैरसरकारी दुवै स्तरमा छलफल र समझदारीको कमी देखिएको छ। नेपालले ‘लाहुरे’हरूको ‘लाहुर’ आकर्षणलाई जीवित राख्दै यसलाई मर्यादित र मानवोचित बनाउन भारतसँग भइरहेको परम्परागत चल्तीफिर्तीमा तत्कालै ठूलै नीतिगत हस्तक्षेप र परिवर्तन ल्याउनसक्ने सम्भावना नभए पनि आफ्नो देशका नागरिकको मर्यादा र सुरक्षाका लागि गर्न सकिने न्यूनतम काम गर्नै पर्छ। यसका लागि नेपाल सरकारले पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका सीमाक्षेत्रमा सूचनाप्रवाहको भरपर्दो संयन्त्र तयार पार्ने र भारत जानेहरूको रेकर्ड राख्ने व्यवस्था मिलाउन सके पनि समस्या न्यूनीकरणमा हाम्रो तर्फबाट केही सहयोग पुग्ने देखिन्छ। यसबाहेक कूटनीतिक तहमा प्रवासी मजदूरहरूको स्थितिमा सुधार ल्याउन नेपालले प्रयास गर्दै जानुपर्ने आवश्यकतासमेत टड्कारो बन्दै गएको छ।

## दक्षिण एसिया

# भारत–पाक सम्बन्ध

पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफको आग्रहमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले एक साताअघि लाहोर भ्रमण गरेपछि दुई देशबिच सम्बन्ध सुधारमा केही सकारात्मक लक्षण देखापरेका छन्। पाकिस्तानी प्रधानमन्त्री सरिफले भारतीय समकक्षीलाई स्वागत गरेपछि दुई छिमेकी मुलुकबिचको लामो समयदेखि अवरुद्ध वार्ताले अकस्मात उच्च गति लिएको छ। अहिले दुई देशबिचको सम्बन्धमा नयाँ मोड थपिने अपेक्षा गरिएको छ। दुई देशबिचको चिसो कूटनीतिक सम्बन्ध अब सकारात्मक दिशातर्फ बढेको छ। सार्क मुलुकहरूबिच सडक र रेल कनेक्टिभिटीको वार्ता भएको छ। यदि यो कनेक्टिभिटीले साकार रूप लियो भने कोलकाताबाट लाहुर हुँदै काबुल पुग्न सहज हुनेछ। दुई देशबिचको स्थलगत कनेक्टिभिटीले भारत र पाकिस्तानबिचको व्यापार सम्बन्धलाई अझै सुदृढ बनाउने विश्वास गरिएको छ। दुई देशबिचको अनौपचारिक व्यापार मासिक ३ अर्ब अमेरिकी डलरभन्दा बढी हुने गरेको छ। त्यस्तै, सामग्रीको अनौपचारिक आदानप्रदान झन्डै दोब्बर रहेको छ।

मोदी र सरिफबिचको चिया भेट र सहानुभूतिले हिन्द महासागरमा विद्यमान स्वागत संस्कार ‘अतिथि देवो भवः’लाई प्रतिबिम्ब गर्छ, जसको अर्थ पाहुना भगवान् जस्तै हुन्छन् भन्ने हो। भारतीय समकक्षीलाई न्यायो माया र स्वागत दर्साएर पाकिस्तानी प्रधानमन्त्रीले तपाईंको भारत मेरो पाहुना भन्ने चर्चित संस्कारलाई व्यवहारमा उतार्न खोजिरहेका देखिन्छन्। तर, अतिथिलाई स्वागत गर्दा स्वागतकर्ताले आफूले व्यक्त गरेका अभिव्यक्तिलाई पालना गर्दा सुनमा सुगन्ध हुन्छ। पाकिस्तानी प्रधानमन्त्री सरिफले मोदीलाई स्वागत गर्न कुनै कसर बाँकी राखेका छैनन् तर भेटका क्रममा व्यक्त गरेका प्रतिबद्धता पूरा गर्छन् वा गर्दैनन् भन्ने महत्त्वपूर्ण विषय हो।

वास्तवमा भारत र पकिस्तानबिचको सम्बन्धमा विभिन्न उत्तारचढाव देखिएका छन्। तर, यस्तै उत्तारचढावबिच दुई देशबिच विभिन्न समयमा वार्ता र छलफल हुने गरेका छन्। तथापि, यसअगाडि भएका वार्ता र छलफलबाट कुनै ठोस निकास निस्कन सकेको छैन। अझ उदेकलाग्दो पक्ष के छ भने जबजब यी दुई देशबिच वार्ताको माहोल बन्छ, केही अदृश्य तत्त्वले वार्तालाई पर्दाभित्रबाट भाँड्न खोजिरहेको देखिन्छ। यस विषयप्रति दुई देशका जिम्मेवार नेता चनाखो बन्नुपर्ने देखिन्छ। केही दिनपछि दुई देशबिच उच्चतहमा वार्ता हुँदै छ। वार्ताका लागि दुवै देशका नेता गम्भीर हुन जरुरी देखिन्छ। भारत-पाकिस्तान मुद्दा आफैंमा ठूलो छ, तसर्थ यसलाई समयमै समाधान गर्नु महत्त्वपूर्ण हुनेछ।

**(भारतबाट प्रकाशित ‘दी टाइम्स अफ इन्डिया’को सम्पादकीयबाट)**

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

सुन-चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रु.४८,०००/- |
| तेजाबी प्रतितोला | - रु.४७,७५०- |
| चाँदी प्रतितोला | - रु.६७५/- |

# अर्थ

## इन्धन आपूर्ति मागको ५० प्रतिशत

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, १९ पुस

नाकाबन्दीअघिको सामान्य अवस्थाको अनुपातमा ५० प्रतिशतका दरले इन्धन आयात हुन थालेको छ।

भारतले नाका खुकुलो गरेसँगै इन्धनको आयातमा वृद्धि हुँदै गएको हो। नाकाबन्दीअघि सामान्य अवस्थाको मागको तुलनामा अहिले ५० प्रतिशतले इन्धनको आपूर्ति भइरहेको छ।

नाकाबन्दीअघि सामान्य अवस्थामा दैनिक रूपमा पेट्रोल १ हजार १ सय किलोलिटर, डिजेल २ हजार ६ सय किलोलिटर, मट्टीतेल ३ सय किलोलिटर ग्याँस १ हजार मेट्रिक टन र हवाई इन्धन १ हजार २ सय किलोलिटरको माग रहेकामा अहिले त्यसको ५० प्रतिशतका दरले आपूर्ति भइरहेको छ।

नाकाबन्दीसँगै इन्धनको आपूर्ति लामो समयसम्म १५ देखि २० प्रतिशतका दरले आयात भएकामा पछिल्लो एक सातादेखि बढेर ५० प्रतिशतमा पुगेको हो। नेपाल आयल निगमका कार्यकारी निर्देशक गोपालबहादुर खड्काले पछिल्लो समय इन्धनको आपूर्तिमा वृद्धि हुँदै गएको बताए। 'रक्सौलबाहेक अन्य नाकाबाट नियमित रूपमा इन्धनको आपूर्ति भइरहेको छ।' कार्यकारी निर्देशक खड्काले भने, 'पछिल्लो एक सातामा इन्धनको आयात ५० प्रतिशतका दरले भइरहेको छ।'

निगमका अनुसार विगत एक सातायता दैनिक रूपमा पेट्रोल ६ सय किलोलिटर, डिजेल १ हजार ६ सय किलोलिटर, हवाई इन्धन १ सय किलोलिटर र ग्याँस ५ सय मेट्रिक टन आयात भइरहेको छ।

निगमसँग अहिले थानकोट डिपोमा अहिले पेट्रोल १ हजार ४ सय किलोलिटर, डिजेल ३ हजार ४ सय किलोलिटर र हवाई इन्धन १ हजार २ सय किलो लिटर मौज्दात रहेको छ।

इन्धनको आपूर्ति सहज हुँदै गएकाले वितरणमा वृद्धि गर्दै जाने निगमले जानकारी दिएको छ।

इन्धनको आपूर्ति बढ्दै गए पनि उपभोक्ताले भने अभाव खेप्नुपरेको छ। खाना पकाउने ग्याँसको आपूर्तिमा कुल मागको ५० प्रतिशतका दरले आयात भए पनि उपभोक्ताले भने सहज रूपमा पाउन सकेका छैनन्। निगमले इन्धनको आपूर्ति बढ्दै गएकाले आगामी बुधबारदेखि चारपाङ्ग्रे सवारी साधनलाई इन्धन वितरण गर्न लागेको छ।

काठमाडौं उपत्यकामा तीन दिन निजी कार तथा जिपलाई पेट्रोल वितरण गर्ने भएको छ। आयल निगमले आगामी बुधबार, शुक्रबार र सोमबार निजी कार तथा जिपलाई १५ लिटरका दरले तेल वितरण गर्न लागेको हो। तीन दिनमा झन्डै १३ लाख लिटर पेट्रोल वितरण गरिनेछ।

२२ गते बुधबार १ देखि ६ नम्बर लटका कारले तेल पाउनेछन्। यस्तै, २४ गते शुक्रबार ७ देखि १० नम्बर लटका कारलाई तेल वितरण गरिनेछ भने २७ गते सोमबार ११ भन्दा माथिका लटका कारले तेल भर्न पाउनेछन्। तिन दिनका लागि निजी गाडीलाई तेल वितरण गर्न १५ लाख लिटर पेट्रोल आवश्यक पर्ने निगमको भनाइ छ।

वितरण गर्नुभन्दा एक दिनअघि नै पम्पमा तेल पुर्‍याइनेछ। बिहान ९ बजेदेखि पम्पमा तेल वितरण सुरु हुनेछ। तेल भर्न नवीकरण भएको ब्लु (बुक अनिवार्य गरिएको आयल निगमले जनाएको छ।

इन्धनको आयात आपूर्ति बढेकाले शुक्रबारदेखि पहिलेको तुलनामा केही बढी परिमाणमा पम्पहरूलाई डिजेल उपलब्ध गराउन थालेको निगमको भनाइ छ। निगमका अनुसार उपत्यकामा गुड्ने निजी क्षेत्रका करिब १ लाख संख्यामा रहेका चारपांग्रे सवारी साधनलाई इन्धन वितरण गर्न १४ लाख लिटर डिजेल आवश्यक पर्छ। इन्धनको आपूर्ति बढेसँगै निगमले वितरण समेत बढाउँदै गएको छ।

## २३ पुसदेखि पञ्चेश्वर काउन्सिल बैठक

**राजधानी समाचारदाता**
काठमाडौं, १९ पुस

बहुचर्चित पञ्चेश्वर बहुउद्देश्यीय आयोजना निर्माणका लागि गठित पञ्चेश्वर विकास प्राधिकरण गभर्नेन्स काउन्सिलको बैठक आगामी २३ पुसदेखि २५ पुससम्म हुने भएको छ।

बहुउद्देश्यीय आयोजना अघि बढाउनका लागि गठित प्राधिकरणलाई कार्य अघि बढाउन अधिकार प्रत्यायोजनलगायतका विषयमा निर्णय लिन काउन्सिलको तेस्रो बैठक बस्न लागेको हो। ६ महिनाअघि काउन्सिलको दोस्रो बैठक भारतमा बसेको थियो भने पहिलो बैठक अघिल्लो वर्षको असोजमा नेपालमा बसेको थियो।

काउन्सिल बैठकमा नेपालका तर्फबाट ऊर्जा मन्त्रालयका सचिव र भारतका तर्फबाट जलस्रोत मन्त्रालयका सचिवले नेतृत्व गर्नेछन्। आयोजना अघि बढाउनका लागि गभर्नेन्स र एक्जुकेटिभ गरी छुट्टाछुट्टै संयन्त्रको व्यवस्था गरिएको छ।

बैठकमा कार्यकारीतर्फका प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ), सहायक सीईओलगायतका नियुक्तिलाई सदर गरेर अधिकार प्रत्यायोजन गर्नाका साथै प्राविधिक, आर्थिक, संस्थागत संरचना र बजेट व्यवस्थापनलगायतबारे छलफल गरी निर्णय लिनेछ।

बैठकले जग्गा अधिग्रहण, ब्रह्मदेव-पञ्चेश्वर अध्ययनका साथै कार्यकारी कमिटीका पदाधिकारीको तलब, भत्ता र सुविधाका बारेमा समेत निर्णय गर्नेछ।

२०५२ साल माघमा नेपाल र भारतबीच महाकाली सन्धिका क्रममा ६ महिनाभित्रै डीपीआर टुंगो लगाउने उल्लेख भए पनि १९ वर्षपछि साउन २०७१ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा कार्यादेश (टीओआर) पारित भएको थियो।

६४ सय ८० मेगावाट विद्युत् उत्पादन गरिने लक्ष्य राखिएकामा नेपालले आधा अर्थात ३२ सय ४० मेगावाट विद्युत् पाउनेछ।

भारतीय परामर्शदाता कम्पनी वाकपोसले पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) को अद्यावधिक गर्ने कार्य आगामी ६ महिनाभित्र पूरा गर्ने र यसकै आधारमा आयोजना अघि बढ्ने प्राधिकरणले जनाएको छ।

परियोजनाको कुल लागत २ ९ हजार ७ सय ४ करोड रुपैयाँ अनुमान गरिएको छ।

## लघु उद्यमले फेरियो जिन्दगी




**रुद्र सुवेदी/राजधानी**
नेपालगन्ज, १९ पुस

बर्दिया राजापुर-१२ की जानकी थारू दैनिक ज्यालादारीका लागि काम खोज्दै भौंतारिने उनी अहिले आफ्नै सिलाइ पसल सञ्चालन गर्दै आएकी छन्। कुनै बेला कामका लागि भौंतारिने उनी अहिले आफैँ काम दिने भएकी छन्। उनीसँगै जमुना थारू र सीता थारूले सोही पसलमा लगानी गरी साझेदारीमा विगत एक वर्षदेखि 'जाजसी सिलाइ सेन्टर' सञ्चालन गर्दै आएका छन्। उनीहरूले थप दुईजनालाई आफूसँगै काम दिएका छन्।

पूर्वमुक्त कमैया रहेका उनीहरू अस्ट्रेलियन सरकारको सहयोगमा यूएनडीपी र नेपाल सरकारद्वारा सञ्चालित लघु उद्यम विकास कार्यक्रमअन्तर्गत सिलाइ कटाइको एडभान्स तालिममा सहभागी हुँदै गाउँकै उद्यमी महिलाका रूपमा आफूलाई परिचित गराउन सफल भएका छन्। राजापुर-१२ बिच्छापुरमा रहेको प्रगतिशील लघु उद्यम महिला समूहमार्फत सञ्चालनमा रहेको 'जाजसी सिलाइ सेन्टरमा' भेटिएकी जानकीले समूहमा जोडिएसँगै आफ्ना दुःखका दिन सकिँदै गएको बताइन्।

उनले भनिन्, 'पहिले काम खोज्नलाई गाह्रो हुन्थ्यो अहिले कामले आफैँ खोज्दै आउँछ।' लघु उद्यम विकास कार्यक्रमले उनीसँगै जमुना र सीतालाई सिलाइ कटाइको एडभान्स तालिम तथा व्यवसाय सुरु गर्नका लागि एक सिलाइ मेसिन र एक इन्टरलक मेसिन उपलब्ध गराएसँगै व्यावसायिक रूपमा सिलाइ पेसा अँगाल्ने जोस चलेको उनको दाबी छ।

घरधन्धा सकेर बचेको समय सिलाइ कटाइमा लगाउने गरेको जानकारी दिँदै उनले भनिन्, 'समूहमा जोडिएसँगै आम्दानीको बाटो पनि देखियो र बचत गर्न थालियो। लघु उद्यमले हिँड्ने बाटो देखायो, अहिले त्यो बाटोमा हिँड्ने प्रयास गर्दै छौं।'

नजिकै रहेकी जमुना थारूले आफूहरू ग्राहकको इच्छाअनुसारको कपडा सिलाउन सक्षम भए पनि पुरुष ग्राहकहरूले अझै काम दिन अनकनाउने गरेको दुखेसो पोख्दै उनले भनिन्, 'हाम्रो सिलाइको गुणस्तर र अन्य पसलको गुणस्तरमा फरक भए पनि हामी जतिसुकै राम्रो सिलाइ गरेर ग्राहकलाई दिँदा ग्राहकको हामीप्रतिको विश्वास जित्न कठिन भएको छ तर पनि हामीले हिम्मत हारेका छैनौं।

हाल चार सिलाई मेसिन एक इन्टरलक मेसिन राखेर पसल सञ्चालन गर्दै आएका उनीहरूले थप दुईजनालाई रोजगारसमेत दिएका छन्। दैनिक ज्यालादरीका लागि भौंतारिँदै हिँड्न बाध्य उनीहरू अहिले सबै खर्च कटाएर मासिक ६ हजारसम्म आम्दानी गर्न सफल भएको दाबी गर्छन्।

यसैगरी, राजापुर-१४ धोबिनपुरमा कपाल काट्ने सैलुन सञ्चालन गर्दै आएका ३१ वर्षीय अमर चौधरी पनि मुक्त कमैया हुन्। १२ वर्ष अघिदेखि कपाल काट्ने पेसामा संलग्न रहेका उनले करिब ४ वर्षअघि लघु उद्यमसँग जोडिन पुगे। पहिलेदेखि नै सामान्य कपाल काट्न जानेका उनलाई लघु उद्यमले एक महिनाको कपाल काट्ने विशेष तालिम प्रदान गर्दै पसल सञ्चालनका लागि आवश्यक औजार, ऐना र कुर्सी प्रदान गरेको थियो।

पहिले सामान्य कपाल काटेर आफ्नो खर्चसमेत पुर्‍याउन हम्मे-हम्मे पर्ने उनलाई अहिले पसलका लागि आवश्यक खर्च कटाएर कम्तीमा पनि १५ हजार आम्दानी गर्न सफल भएका छन्। उनले भने, 'अहिले मैले दैनिक १ सय ५० बचत गर्दै आएको छु। लघु उद्यमको तालिममा सहभागी भएपछि बचत गर्न र व्यवसाय सञ्चालन गर्ने सीप सिक्दै व्यवहारमा उतारेको छु।' उनले चार वर्षमा गाउँमा ४ कट्ठा जमिनसमेत खरिद गर्न सफल भएको बताए।

राजापुर क्षेत्रमा रहेर लघु उद्यम समूहको गतिविधिलाई विभिन्न सरोकारवाला निकायबीच समन्वय र उनीहरूलाई परेको असहजतालाई सहज बनाइदिँदै आएका उद्यम विकास सहजकर्ता गुरुप्रसाद चौधरीले लघु उद्यमले दिँदै आएको सेवासुविधाका बारेमा आफूले समूहमा जानकारी गराउने र उनीहरूलाई परेको समस्याका समाधानका लागि सम्बन्धित निकायसम्म पुर्‍याइदिने गरेको सुनाए।

## नारायणगढ-मुग्लिन सडकमा ट्राफिक जाम घट्ने

**चितवन/रास**– नारायणगढ-मुग्लिन सडक विस्तार एवं पुनर्निर्माणका क्रममा ट्राफिक जामका कारण घन्टौं समयसम्म सवारीसाधन रोकिनुपर्ने बाध्यता अब कम हुने भएको छ। तराईमा रातको समयमा हुने स्कर्टिङ र नारायणगढ मुग्लिन सडकमा हुने जामलाई ध्यानमा राखी आगामी दिनमा नारायणगढ-मुग्लिन सडक विस्तार एवं पुनर्निर्माणको काम गरिने भएको छ।

निर्माण कार्य जारी रहेको नारायणगढ मुग्लिन सडकमा हरेक दिन बिहान ७ बजेदेखि ११ बजेसम्म र दिउँसो १ बजेदेखि ६ बजेसम्म काम हुने गरेको छ। आर्थिक वर्ष २०७०/७१ को बजेट भाषणबाटै बजेट विनियोजित भएपछि राजमार्गको पुनः निर्माण काम थाल्न लागिएको हो। आँपटारीदेखि मुग्लिनसम्मको ३४ किलो मिटर सडक निर्माणको काम भइरहेको छ।

सडकको पुनः निर्माणसँगै राजमार्ग अहिलेको तुलनामा दोब्बर बढी चौडाइको हुनेछ। खुला क्षेत्रमा ११ मिटर र जटिल र पहाडी क्षेत्रमा ९ मिटर चौडाइको सडक निर्माण गर्ने गरी अहिले राजमार्गको पुनः निर्माण कार्य सुरु गर्न लागिएको हो। लामो समय सम्मको ट्राफिक जामका कारण यात्रुको गुनासो बढेपछि गएपछि समाधानका लागि सरोकारवाला निकायबीच चितवनमा छलफल भएको छ। सरोकारवाला निकायबीच छलफल गरी समाधान प्रयास खोजिएको चितवनका प्रमुख जिल्ला अधिकारी विनोदप्रकाश सिंहले बताए। लामो समयसम्म हुने जामलाई घटाएर काम गर्न सबै पक्ष सहमत भएको उनले बताए।

सवारी आवागमन चापको समयलाई ध्यानमा राखेर काम गर्ने समय मिलाउन सके ट्राफिक जाम कम गर्न सकिने सडक विभागका उपमहानिर्देशक संजयकुमार श्रेष्ठले बताए। काम छिटो सम्पन्न गर्नका लागि पश्चिम तर्फ जान सिद्धार्थ राजमार्ग र पूर्व जान त्रिभुवन राजपथलाई वैकल्पिक मार्गको रूपमा लिन सकिने विभागका उपमहानिर्देशक श्रेष्ठले बताए।

तराईमा रातको समयमा हुने स्कर्टिङ र नारायणगढ-मुग्लिन सडकमा हुने जामलाई ख्याल गर्दै काम गर्न सके सहज हुने छलफलमा सहभागी मध्य क्षेत्र ट्राफिक प्रहरी कार्यालय पथलैयाका एसपी ईश्वरी चापागाईंले बताए। उनले सम्बन्धित ठेकदारहरूलाई सोहीअनुसार काम गर्न आग्रह गरे।

निर्माण पक्षले दुई महिनासम्म ट्राफिक जामको अवस्थामा कुनै सुधार नआउने बताएपछि चितवन ट्राफिकले यात्रुको समस्यालाई ध्यानमा राखी जाम कम गर्नेबारे छलफल गरेको थियो। जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक राजन भेटवालले अधिकतम दुई घन्टासम्म जाम हुने हिसावले काम गर्न ठेकेदार पक्ष सहमत भएको बताए।


नेपाल सरकार
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय
**जिल्ला विकास समितिको कार्यालय**
भक्तपुर

**सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**
**सूचना नं. ०१/०७२/७३**
**(प्रथम पटक प्रकाशित मिति २०७२/०९/२०)**

यस कार्यालयबाट तपसिलमा उल्लेखित सडकहरुको निर्माण/मर्मत सुधार गराउनु पर्ने भएकोलेईजाजत प्राप्त निर्माण व्यवसायीहरुमध्येबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

शर्तहरु :–

१. ईच्छुक व्यवसायीहरुले दरभाउपत्र दस्तुर बापत रु.३०० (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ नवीकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र र अघिल्लो आ.ब. ०७२/०७३ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्रौं) दिनको कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ। *साथै ई–बिडिङ्गका लागि सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट www.bolpatra.gov.np बाट डाउनलोड गरि फाराम प्राप्त गर्न सकिनेछ। ई–बिड साथ उल्लेखित दस्तुर बुझाएको रसिद वा यस कार्यालयको खाता नं. ग-४-३-१९-५१-६४०८ मा नगद जम्मा गरेको बैङ्क भौचर पिडिएफ (pdf) फर्मेटमा स्क्यान गरी संलग्न गर्नु पर्नेछ।*

२. यस कार्यालयबाट खरिद गरेको दरभाउपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., दरभाउपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी १६ (सोह्रौं) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। *ई–बिडिङ्गका लागि वेवसाईट www.bolpatra.gov.np मार्फत दाखिला गर्न सकिनेछ।* दर्ता भएका दरभाउपत्र सोही दिनको १:०० बजे दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन।

३. सिलबन्दी दरभाउपत्रसाथ तपसिलमा उल्लेखित जमानत वापतको रकम ने.बै.लि.,भक्तपुर शाखा स्थित यस कार्यालयको खाता नं. ग-३-१९-५१-५७८७ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको दरभाउपत्र खोल्ने मितिलेकम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको बिडबण्ड (*ई–बिडिङ्गका लागि ई–बिडसाथ बिडबण्डको पिडिएफ (pdf) फर्मेटमा स्क्यान गरेको प्रति*) संलग्न हुनु पर्नेछ।

४. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्नेछ। समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको दरभाउपत्र माथि कुनै कारवाही हुने छैन।

५. दरभाउपत्रमा नियमानुसार लाग्ने मु.अ.कर बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ। नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरु दर रेटमा समावेश भएको मानिने छ।

६. दरभाउपत्रदाताले निर्माण स्थल र निर्माण सामग्रीको उपलब्धता समेत राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ।

७. दरभाउपत्र खरिद वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

८. प्राप्त सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।

९. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

तपसिल

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर तथा कन्टेन्जेन्सि बाहेक) रु. | दरभाउपत्र जमानत रु. |
|---|---|---|---|---|
| १ | DDC/BKT/KS/072/73/01 | सरस्वतीखेल फैढोका गणेश हुँदै दुवाकोट गा.वि.स. भवन सडक | ८८४८४८.३२ | २५००० |
| २ | DDC/BKT/KS/072/73/02 | सैनिक शिक्षालय खरीपाटी साविक छालिङ्ग गा.वि.स. भवन सडक | १२०७४३१.३३ | ३५००० |
| ३ | DDC/BKT/KS/072/73/03 | आदर्श बस स्टप सिपाडोल गा.वि.स. भवन सडक | १४१५३३६.८५ | ४०००० |
| ४ | DDC/BKT/KS/072/73/04 | हर्षचौक– किवाचौक–साविक गुन्डु ६,७ जाने सडक | ६१९२८०.८ | १८००० |
| ५ | DDC/BKT/KS/072/73/05 | बागेश्वरी भद्रकाली हे.पो. सडक | ६१८९७७.६६ | १८००० |
| ६ | DDC/BKT/KS/072/73/06 | फैढोका–सौडोल–राम्चे सडक | ६१८६०७.२४ | १८००० |
| ७ | DDC/BKT/KS/072/73/07 | न्याचेपौवा साविक चाँगु गा.वि.स. वडा नं. २ कुँईकेल गाँउ सडक | ८००१९१.५८ | २३००० |
| ८ | DDC/BKT/KS/072/73/08 | तेलकोट –जमरकट्टेल टोल सुनटोल जाने सडक | ६१९०७७.९४ | १८००० |
| ९ | DDC/BKT/KS/072/73/09 | दुत्रेपाटी –गुडी गाँउ–साविक छालिङ्ग गा.वि.स. भवन जाने सडक | ६१८९४३.६१ | १८००० |
| १० | DDC/BKT/KS/072/73/10 | डोकेखोला–आशापुरी सडक | ६१९११४.७२ | १८००० |
| ११ | DDC/BKT/KS/072/73/11 | थापागाँउ –सहकारी जाने हनुमानटार सडक | ६१९२३०.०९ | १८००० |
| १२ | DDC/BKT/KS/072/73/12 | माकलेपाटी–साविक गुन्डु गा.वि.स. वडा नं. ८, ९ जाने सडक | ६१९४६७.६९ | १८००० |


## एलआईसी नेपालको चाबहिलमा शाखा

**काठमाडौं/रास**– लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) ले काठमाडौंको चाबहिलमा शाखा खोलेको छ। कम्पनीको यो ३५औं शाखा हो। कार्यालयको बिमा समितिका अध्यक्ष प्रा. डा. फत्तबहादुर केसीले उद्घाटन गरे। कार्यक्रममा अध्यक्ष केसीले भूकम्पपछिको नेपाली समाजमा जीवन बिमाको महत्त्व अझ बढेर गएको बताउँदै एलआईसी नेपालले भूकम्पमा ज्यान गुमाएका स्वर्गीय बिमितहरूको दाबी भुक्तानी यथाशीघ्र प्रदान गरेकामा खुसी व्यक्त गरे।



कम्पनीका प्रमुख कार्यकारी अधिकृत पीआर मिश्रले राष्ट्रको हरेक स्थानमा जीवन बिमाको पहुँच पुर्‍याउन कम्पनीले कार्य गरिरहेको र बिमा दाबी भुक्तानी सहज रूपमा गर्नु नै एलआईसी नेपालको मौलिक विशेषता रहेको बताए।

## आरएसडीसीको ४ लाख कित्ता सेयर आउँदै

**काठमाडौं/रास**– आरएसडीसी लघुवित्त विकास बैंकले ४ लाख कित्ता साधारण सेयर निष्कासन गर्ने भएको छ।

१०० रुपैयाँ अंकित दरका सेयरमध्ये ५ प्रतिशत अर्थात २० हजार कित्ता सामूहिक लगानी कोषलाई छुट्याइएको छ। ३ लाख ८० हजार कित्ता सेयर मात्र सर्वसाधारणले पाउने कम्पनीले बताएको छ।

कम्पनीले यसका लागि निष्कासन तथा बिक्री प्रबन्धकमा रूपमा एनआईबीएल क्यापिटललाई नियुक्त गरेको छ। एनआईबीएल क्यापिटलले २ लाख कित्ता सेयरको प्रत्याभूति गरिसकेको छ। सोसम्बन्धी सम्झौतामा संस्थाका तर्फबाट कार्यकारी प्रमुख दामोदर जोशी र एनआईबीएलका तर्फबाट महाप्रबन्धक मेखबहादुर थापाले हस्ताक्षर गरे।

# बार्सिलोनाको बराबरीपछि एथलेटिको शीर्ष स्थानमा



**म्याड्रिड/एजेन्सी–** निकै कडा प्रतिस्पर्धा भइरहेको स्पेनिस ला–लिगामा बार्सिलोना स्पानियोलसँग बराबरीमा रोकिँदा लेभान्टेलाई हराउँदै एथलेटिको म्याड्रिड लिगको शीर्ष स्थानमा उक्लियो ।

शनिबार राति भएको नयाँ वर्षको पहिलो खेलमा स्पानियोलले बार्सिलोनालाई गोलरहित बराबरीमा रोक्न सफल रह्यो । २०१५ मा १ सय ८० गोलको रेकर्डसँगै पाँच उपाधि जितेको बार्सिलोनाको २०१६ को पहिलो खेल सुखद रहेन । खेलमा गोल गर्ने बार्सिलोनाका दुई उत्कृष्ट प्रयास सफल भएनन् । लिओनल मेसीको फ्री–किक स्पानियोलका गोलरक्षकले असफल पारे भने लुइस स्वारेजको प्रहार बारमा लागेर फर्किंदा बार्सिलोना अभागी साबित भयो ।

अर्को खेलमा एथलेटिको म्याड्रिडले लेभान्टेलाई १–० ले पराजित गर्‍यो । उसको जितमा ८१औं मिनेटमा थोमस पेर्टीले गोल गरे । जितपछि म्याड्रिड १८ खेलबाट ४१ अंकसहित शीर्ष स्थानमा उक्लिएको छ । दोस्रो स्थानमा झरेको बार्सिलोनाको ३९ अंक छ र उसले १ खेल कम खेलेको छ ।

**सिटी र युनाइटेडको जित**

उपाधि अभियानमा रहेको म्यानचेस्टर सिटी र खराब प्रदर्शनलाई सुधार्न संघर्षरत म्यानचेस्टर युनाइटेडले शनिबार राति भएको खेलमा जित आत्मसात् गरेका छन् । तेस्रो स्थानमा रहेको सिटीले वाटफोर्डलाई हराउँदै शीर्ष स्थानमा रहेको आर्सनलसँगको अंक दुरी ३ अंकमा कायम राख्न सफल भयो ।

पराजयनजिक पुगे पनि सिटीलाई याया टुरे र सर्जिओ अगुइरोले उद्धार गरे । पहिलो हाफमा गोलरहित बराबरीमा रोकिएको सिटी दोस्रो हाफको ५५औं मिनेटमा १ गोलले पछि पर्‍यो । यद्यपि, सिटीले उत्कृष्ट कमब्याक गर्दै २–१ ले खेल आफ्नो पक्षमा पार्‍यो । वाटफोर्डले ५५औं मिनेटमा उपहार गोलबाट अग्रता लिएको थियो । बेन वाटसनको कर्नरमा कालरोभले आत्मघाती गोल गरेपछि सिटी खेलमा पछि परेको थियो ।

तर, निकै राम्रो प्रदर्शन गरेको सिटी ८२औं मिनेटमा टुरेको गोलमार्फत खेलमा फर्कियो । कालरोभको कर्नरमा भली गोलमार्फत टुरेले सिटीलाई बराबरीमा ल्याए । त्यसको दुई मिनेट नबित्दै सिटी सनसनीपूर्ण गोल गर्न सफल रह्यो । उसका लागि सर्जिओ अगुइरोले हेड गोल गर्दै सिटीका लागि निर्णायक गोल सम्भव बनाए ।

शनिबार राति नै भएको अर्को खेलमा म्यानचेस्टर युनाइटेड स्वान्सी सिटीमाथि २–१ को जित निकाल्न सफल भयो । पहिलो हाफ गोलरहित बराबरीमा रोकिए पनि युनाइटेड दोस्रो हाफको सुरुआतमै अग्रता कायम गर्न सफल भएको थियो । युनाइटेडका लागि एन्थोनी मार्टियलले ४७औं मिनेटमा गोल गर्दै खेलमा १–० को अग्रता दिलाए । यद्यपि, स्वान्सीले सिगोरोसनको गोलमार्फत ७० औं मिनेटमा बराबरी गर्दै म्यानचेस्टरमाथि दबाब कायम गर्‍यो । यद्यपि, रुनीले ७७औं मिनेटमा निर्णायक गोल गर्दै युनाइटेडलाई २–१ संघर्षपूर्ण जित दिलाए ।

युनाइटेडको यो पछिल्ला ९ खेलमा पहिलो जित हो । उसले यसअघि २१ नोभेम्बरमा वार्डफोड सिटीविरुद्ध जित निकालेको थियो । त्यसयता भएका ९ खेलमा युनाइटेडले ४ बराबरी र ४ हार बेहोर्‍यो जसका कारण उसका प्रशिक्षक भान गालको जागिर संकटमा परेको थियो ।

अघिल्लो खेलमा चेल्सीसँग गोलरहित बराबरी खेलेको थियो यद्यपि शनिबार भने जित्ने पर्ने दबाबबिच मैदान उत्रिएको युनाइटेड संघर्षपूर्ण जित निकाल्दै खेलमा फर्कने कोसिस गर्‍यो । युनाइटेड ३३ अंकका साथ तालिकाको पाँचौं स्थानमा रहेको छ ।

**लिसेस्टरको बराबरीले आर्सनललाई फाइदा**

जारी सिजन निकै राम्रो प्रदर्शनले चर्चा बटुलेको लिसेस्टर सिटी शनिबार भने आफ्नो नियमित खेल पस्कन असफल भयो । उसले दोस्रो हाफमा १० खेलाडीमा सीमित बोर्नमाउथलाई पराजित गर्न सकेन । बोर्नमाउथले लिसेस्टरलाई गोलरहित बराबरीमा रोक्दै दोस्रो स्थानमा पुर्‍याइदियो ।

शनिबार नै भएको खेलमा आर्सनल भने न्यु क्यासललाई १–० ले पराजित गर्दै शीर्ष स्थानमा उक्लियो । आर्सनलका लागि लाउरेन्ट कोसियान्टीले ७२औं मिनेटमा निर्णायक गोल गरे । आर्सनलले लिसेस्टरले समान २० खेल खेले पनि दुई अंकको दुरी बनाउन सफल भएको छ । उसले ४२ अंक जोडेको छ लिसेस्टर ४० अंकका साथ दोस्रो स्थानमा रहेको छ ।

केही आक्रामक प्रदर्शनका बाबजुद लिसेस्टर गोल गर्न भने असफल रह्यो । ५७औं मिनेटमा नै फ्रान्सिसले रातो कार्ड खाँदै मैदान छाडेपछि १० खेलाडीमा सीमित बनेको बोर्नमाउथमाथि लिसेस्टरलाई जित हात पार्ने आँकलन गरिएको थियो । तर, लिसेस्टर जित हात पार्नबाट वञ्चित रह्यो ।

# भारत साफ च्याम्पियन



**केरला/एजेन्सी–** डिफेन्डिङ च्याम्पियन अफगानिस्तानलाई हराउँदै भारतले ११औं साफ च्याम्पियनसिपको उपाधि जितेको छ । केरलाको त्रिवेन्द्रमस्थित ग्रिनफिल्ड स्टेडियममा भएको निकै प्रतिस्पर्धात्मक फाइनल खेलमा आइतबार भारतले अफगानिस्तानलाई २–१ ले पराजित गरेको हो । सन् २०१३ मा काठमाडौंमा भएको साफ च्याम्पियनसिपको फाइनलमा हारेको बदला लिँदै भारत च्याम्पियन बनेको हो । सुनिल क्षत्रीले अतिरिक्त समयमा भारतका लागि निर्णायक गोल गर्दै उपाधि दिलाए । क्षत्रीले खेलको १०१औं मिनेटमा गोल गर्दै भारतलाई जित दिलाएका हुन् ।

अफगानिस्तानले अग्रता लिएको भए पनि जोगाउन नसक्दा भारत च्याम्पियन बनेको हो । अफगानिस्तानका लागि जुबायर अमिरीले खेलको ७०औं मिनेटमा गोल गर्दै अफगानिस्तानलाई अगाडि बढाए । त्यो अग्रता दुई मिनेट पनि टिकेन । खेलको ७२औं मिनेटमै मिजोरमका जेजेले गोल गर्दै खेललाई १–१ को बराबरीमा ल्याए ।

निर्धारित ९० मिनेटसम्म १–१ को बराबरीमा भएपछि ३० मिनेट अतिरिक्त समय थप गरिएको थियो जसमा सुनिलले गोल गरेका थिए । यसका साथै अफगानिस्तानको अन्तिम साफ च्याम्पियनसिपमा उपाधि चुम्ने लक्ष्य सपनामा नै सीमित भएको छ । अफगानिस्तानले एएफसीमा आफ्नो सदस्यता दक्षिण एसियाबाट मध्य एसियामा सारिसकेकाले उसको यो अन्तिम साफ च्याम्पियनसिप हो ।

**१२औं सस्करण बंगलादेशमा**

साफ च्याम्पियनसिपसको १२औं संस्करण बंगलादेशमा हुने भएको छ । बंगलादेशले तेस्रोपटक साफ च्याम्पियनसिपको आयोजना गर्न लागेको हो । १२औं सस्करण सन् २०१७ सालमा हुनेछ । बंगलादेशले यस अघि २००३ र २००९ मा च्याम्पियनसिपको आयोजना गरेको थियो । माल्दिभ्स र भुटानले पनि १२ औं सस्करणको आयोजना गर्न दाबी गरेका थिए । तर, भुटानले सुरुमै प्रतिस्पर्धाबाट नाम फिर्ता लिएपछि त्रिवेन्द्रम केरलामा बसेको दक्षिण एसियाली फुटबल महासंघ (साफ) को कार्यसमितिको बैठकले बंगलादेशको पक्षमा निर्णय गरेको हो । बैठक शनिबार बसेको हो । एक संस्करण बिराएर प्रतियोगिता भारतले आयोजना गर्ने सहमति छ ।

त्यसैगरी, साफ क्लब कप च्याम्पियनसिपको पहिलो संस्करण पनि बंगलादेशमा नै हुने निश्चित भएको छ । सो प्रतियोगिता घरेलु लिग च्याम्पियन क्लबहरूले प्रतिस्पर्धा गर्नेछन् । साफको बैठकले २०१६ मा हुने साफ महिला च्याम्पिनयसिपको चौथो संस्करण भारतमा हुने निर्णय गरेको छ ।

# आहा रारा गोल्डकप माघमा

**पोखरा/रास–** मोफसलको प्रतिष्ठित फुटबल प्रतियोगिता आहा ! रारा गोल्ड कपको १४औं संस्करणको तयारी तीव्र पारिएको छ । 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटनका रूपमा स्थापित गरौं' भन्ने उद्देश्यका आउँदो ५ देखि १६ माघसम्म पोखरा रंगशालामा सञ्चालन हुने सो प्रतियोगिताको तयारी भइरहेको आयोजक सहारा क्लबले आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो ।

प्रतियोगितामा तीन विदेशीसहित १२ टिमको सहभागिता रहने सहारा क्लबका अध्यक्ष वीरभद्र आचार्यले बताए । आचार्यका अनुसार आहा ! रारा गोल्ड कपको १४औं संस्करणमा रुस्लान थ्रीस्टार क्लब, लक्ष्मी हुन्डाई मनाङ मर्स्याङ्दी क्लब, नवजन जागृति युवा क्लब, सिमरा, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, सशस्त्रको एपीएफ क्लब, रमझप झापा–११, सहरा क्लब पोखरा र जावलाखेल युथ क्लबले प्रतियोगितामा सहभागी हुनेछन् ।

तीन विदेशी टिमका लागि छिमेकी देश भारत, भुटान र बंगलादेशमा पत्राचार गरिएको आचार्यले बताए । हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा चाउचाउनको मुख्य प्रायोजन रहेको प्रतियोगिताबाट ९९ लाख ९२ हजार आम्दानी भई ७९ हजार ६२ हजार ३ सय खर्च हुने र २० लाख २९ हजार ७ सय बचत हुने अनुमान आयोजकको छ । बचत रकम क्लबद्वारा सञ्चालित सहारा एकेडेमीमा रहेका कठिन परिस्थिति एवं विपन्नवर्गका १६ जिल्लाका २६ जना बालकको भरणपोषण र शिक्षामा खर्च गरिने प्रतियोगिताका संयोजक केशवबहादुर थापाले बताए । प्रतियोगितालाई सफल बनाउन अध्यक्ष वीरभद्र आचार्यको संयोजकत्वमा ५ सय १ सदस्यीय मूल आयोजक समिति र विभिन्न १५ ओटा उपसमितिका साथै १ सय १ सदस्यीय सल्लाहकार समिति गठन गरिएको क्लबका महासचिव एवं प्रतियोगिता सदस्यसचिव केशवराज बरालले जानकारी दिए । प्रतियोगिताको फाइनल खेलमा टिकट काट्ने दर्शकमध्येबाट एकजनालाई गोलाप्रथा गरी सहारा हङकङबाट १ तोलाको सिक्का र सिजी ग्रुपले एलजी टिभी प्रदान गर्नेछ । प्रतियोगिता अवधिमा प्रत्येक दिन गोलाप्रथाद्वारा एकजना दर्शकलाई माइक्रो म्याक्स मोबाइल प्रदान गरिने बरालले जानकारी दिए ।

पत्रकार सम्मेलनमा सहारा यूकेका कोषाध्यक्ष नारायण गुरुङले 'वेस्ट प्लेयर' को ट्रफी सहारा क्लबका अध्यक्ष वीरभद्र आचार्यलाई प्रदान गरे । कार्यक्रममा सहारा क्लबका संस्थापक अध्यक्ष वसन्त थकालीले सबैको साथ र सहयोगले क्लब यो अवस्थामा आइपुगेको बताए । पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका अध्यक्ष खगराज पौडेलले प्रतियोगितालाई सफल बनाउन सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । सहारा क्लबले स्थापना गरेको अक्षयकोषका लागि लेखनाथ नगरपालिका बेगनास निवासी राजुमाया थकालीको परिवारले ३० हजार ५ सय ७५ रुपैयाँ सहयोग गरे ।

## सागका लागि महिला फुटबल टोली

**काठमाडौं/रास–** सागका लागि २० सदस्यीय महिला फुटबल टिमको घोषणा गरिएको छ । नेपाली महिला फुटबल टिमका प्रशिक्षक ध्रुवबहादुर केसीले भारतमा ६ देखि १६ फेब्रुअरीमा हुने सागका लागि महिला खेलाडीको नाम चयन गरी सार्वजनिक गरेका हुन् । गोलरक्षकमा अञ्जली सुब्बा, लिला लामगाडे, नामिताकुमारी दाली छन् ।

त्यसैगरी, अन्य खेलाडीमा अनु लामा, निरू थापा, सजना राना, दीपा अधिकारी, लक्ष्मी पौडेल, कृष्ण खत्री छन् । त्यसैगरी, सावित्री भण्डारी, मनमाया लिम्बू, अनिता बस्नेत, घिमकुमारी गुरुङ, अमिता जैसी, दीपा राई, पोनम मगर अञ्जली वाइवा, भगवती थापा, हीराकुमारी भुजेल र सपना लामा छन् । सहायक प्रशिक्षक कुमार कटुवाल छन् ।

## खोखोको राष्ट्रिय टिममा बर्दियाका ४ खेलाडी

**बर्दिया/रास–** बर्दियाका ४ जना खेलाडी खोखो खेलको राष्ट्रिय टिममा छनोट भएका छन् । छनोट हुनेमा बबई नगरपालिका–२ का गोपी तिमिल्सेना, सृजना शाही, ललिता थारू र बबई नगरपालिका–४ की करिस्मा बोगटी रहेको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष खगेन्द्र खनालले जानकारी दिए ।

बर्दियाबाट खोखोको राष्ट्रिय टिममा छनोट हुने यी पहिलो खेलाडी हुन् । फेब्रुअरी महिनामा भारतमा हुने १२औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा यी खेलाडीले आफ्नो टिमबाट खेलमा प्रतिस्पर्धा गर्ने जिल्ला खोखो संघका अध्यक्ष छत्रबहादुर शाहीले बताए ।

## सविन उत्कृष्ट

**काठमाडौं/रास–** बाबा बोर्डिङ हाई स्कुल, चाबहिलको खेलकुद दिवसमा सविन बजगाईं र यचु श्रेष्ठ उत्कृष्ट एथलेट चुनिएका छन् । छात्रमा सविनले ३ स्वर्ण र ३ रजत हात पारे भने छात्रामा यचुले ५ स्वर्ण जितिन् । दुवै रेड हाउसका हुन् । महाराजगन्जस्थित प्रहरी तालिम केन्द्रमा भएको खेलकुद दिवसमा समग्रमा रेड हाउस पहिलो भयो । रेड हाउसले १५ स्वर्ण, १३ रजत र १७ कांस्य जित्यो । दोस्रो भएको एल्लो हाउसले ९ स्वर्ण, ११ रजत र ११ कांस्य प्राप्त गर्‍यो । ग्रिन हाउसले तेस्रो स्थानमा चित्त बुझायो । ग्रिनले ८ स्वर्ण, १८ रजत र ७ कांस्य जित्यो । खेलकुद दिवसको राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष लामा टेन्डी शेर्पाले एक कार्यक्रमबीच उद्घाटन गरे ।

## एलएमा तालिम

**काठमाडौं/रास–** हात्तीवनस्थित लिटिल एन्जल्स स्कुलले ग्रास रुट फुटबल तालिम सञ्चालन गरेको छ । तालिममा कक्षा ३ र ४ मा अध्ययनरत ८० प्रशिक्षार्थी सहभागी छन् ।

तालिम लिटिल एन्जल्सका फुटबल प्रशिक्षक राजेन्द्र कार्कीले सञ्चालन गरिरहेका छन् ।

## भानुभक्त स्कुलमा खेलकुद मोहत्सव हुने

**काठमाडौं/रास–** पानीपोखरीको भानुभक्त मेमोरियल उच्च माध्यमिक विद्यालयले स्थापनाको स्वर्ण जयन्तीका अवसरमा माघको पहिलो साता खेलकुद सप्ताह आयोजना गर्ने भएको छ ।

विद्यालय प्रशासनले पत्रकार सम्मेलन गरी आगामी २ देखि ९ माघसम्म विद्यालयस्तरीय खेलकुद मेलाको आयोजना गर्ने जानकारी दिएको हो । खेलकुद सप्ताहमा अन्तरविद्यालयस्तरीय बास्केटबल र टेबलटेनिस प्रतियोगिताको आयोजना हुनेछ । प्रतियोगितामा काठमाडौं उपत्यकाका अधिकांश विद्यालयको सहभागिता रहने आयोजक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर श्रेष्ठ रञ्जितले जानकारी गराए । यसका साथै प्रतियोगिताको उद्घाटनमा विद्यालयका पूर्वविद्यार्थी, अभिभावकलगायत समावेश गराएर दौड प्रतियोगिता आयोजना गरिने विद्यालयका प्रधानाध्यापक प्रेमप्रसाद कँडेलले बताए ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय
जिल्ला जनस्वास्थ्य कार्यालय, लमजुङ्ग

**औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०७२/०९/१९

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी बोलपत्र द्वारा खरिद गर्नु परेकोले मिति २०७२/०९/१९ देखि मिति २०७२/१०/१८ सम्म कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु. १,०००/– अक्षरेपी रु. एक हजार मात्र (पछि फिर्ता नहुने) तिरी चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी व्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७१/७२ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु. १०/– को टिकट टाँसी बोलपत्र फाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फाराम यस कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय लमजुङमा निबेदन पेश गरी खरिद गर्न सकिनेछ ।
२. मिति २०७२/१०/१९ गते दिनको १२:०० बजे भित्र आफूले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी यस कार्यालयमा सिलबन्दी गरी दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछन् ।
३. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत बापतको रकम दाखिला गरेको सक्कलै भौचर कोष तथा लेखा नियन्त्रक कार्यालय लमजुङको एकल धरौटी खाता नं. ३०४०२०३०००००० मा जम्मा गरेको सक्कलै भौचर वा क वर्गको बैंकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।
४. बोलपत्रमा पेश गर्ने औषधीको WHO/GMP को नविकरण गरिएको प्रमाणपत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाणपत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।
५. बिदेशी औषधीको हकमा औषधी व्यबस्था बिभागको पैठारी सिफारिश पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. यस सम्बन्धी यस कार्यालयको सूचनापाटीमा टाँस भएको बिस्तृत सूचनामा उल्लेख भएकोमा सोही अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागि जिल्ला जनस्वास्थ्य कार्यालय लमजुङमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
७. यसै सम्बन्धी मिति २०७२/०८/०७ गते प्रकाशित सूचना अनुसार दर्ता भएका बोलपत्रहरु मिति २०७२/०९/१६ को निर्णयानुसार रद्द गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना नं | बिबरण | लागत अनुमान मू.अ.कर बाहेक | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २/०७२/०७३ | औषधी तथा सर्जिकल सामानहरु खरिद | २६,९८,६०७।६० | ७६,०००।०० | |



नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय
वन विभाग
जिल्ला वन कार्यालय, दार्चुला

**बोलपत्र आव्हानको सूचना**

(सूचना प्रकाशित मिति २०७२।९।२०गते)

यस कार्यालयबाट जि.ब.का. भवन निर्माण कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य इच्छुक निर्माण व्यवसायीबाट निम्न शर्तको अधिनमा रहि रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम निम्न रकम (फिर्ता नहुने गरी) बुझाई आफुले प्राप्त गरेको फर्म दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरि यस जिल्ला वन कार्यालय, दार्चुलाबाट सूचना प्रकाशन भएको मितिले ३० औं दिन भित्र खरिद गर्न सकिने छ । e-bidding का लागि खरिद अनुगमन कार्यालयको website : bolpatra.gov.np/ppmo बाट Bidding Documents Download गर्न सकिने छ ।
२. खरिद गरेका बोलपत्र फारमहरु प्रष्टसँग भरि सिलबन्दी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम लेखि सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्ममा यस कार्यालयमा दर्ता वा e-bidding गर्न सकिने छ । दर्ता हुन आएका र e-submitted बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा बोलपत्र बुझाउने अन्तिम दिन बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्र खरिद वा बुझाउन सकिने छ ।
४. बोलपत्रसाथ धरौटी वापत तोकिए बमोजिम जमानत रकम रा.वा.बैंक शाखा कार्यालय, दार्चुला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय दार्चुलाको एकल धरौटी खाता नम्बर ख-३ ४०९०२०३००००००, कार्यालय कोड नम्बर ७२-३२९-०१ बैंक कोड नं. ४०९ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र खोलिने मितिले कम्तीमा १२० दिन मान्य अवधि भएको बिडवण्ड बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणा पत्र पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा मु.अ.कर बाहेकको दररेट अंक र अक्षरमा प्रष्ट खुलाइ लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक वा केरमेट भएमा अक्षरलाई मान्यता दिइने छ ।
७. बोलपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयबाट खरिद भएको बोलपत्र पुस्तिकामा कुनै थप घट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको रित नपुगेको सूचनाका शर्त बिपरित भएको बोलपत्र माथि कारबाही हुने छैन ।
८. सूचना प्रकाशित भएको २० औं दिनको १:०० बजे निर्माण कार्य गर्न इच्छुक निर्माण व्यवसायीहरुसँग निर्माणस्थल र प्राविधिक स्पेशिफिकेशनका सम्बन्धमा छलफल गर्नका लागि यस कार्यालयमा बैठकको आयोजना हुनेछ ।
९. बोलपत्र दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्बन्धमा राम्ररी बुझी भरेको मानिनेछ ।
१०. कुनै कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस जिल्ला वन कार्यालय, दार्चुलामा निहित रहनेछ ।
११. सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।
१२. बोलपत्र दाखिला गर्दा बोलपत्रदाताको न्युनतम वार्षिक कारोबार र अनुभव निम्न बमोजिम हुनु पर्नेछ :
- मुख्य बोलपत्रदाताको हकमा विगत ३ वर्षको औषत १,३०,००,०००।- कारोबार गरेको हुनुपर्ने ।
- विगत १० वर्षको अवधिभित्र कम्तीमा ६८,००,०००।- बराबरको एउटा भवन निर्माण कार्य गरेको हुनु पर्ने ।

१३. अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र बुझ्न सकिने छ ।
१४. E-bidding मार्फत Document खरिद गर्नको लागि रकम जम्मा गर्ने बैंकको विवरण :
बैंकको नाम : रा.बा.बैंक दार्चुला बैंक कोड नं. : ४०९ कार्यालय कोड नं.: ७२-३२९-०१
को.ले.नि.का. दार्चुलाको नाममा रहेको एकल धरौटी खाता नं. ख-३ ४०९०२०३००००००

| सि.नं. | कामको विवरण | लगत अनुमान (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानतको रकम रु. |
|---|---|---|---|---|
| ठेक्का नं. १/०७२/७३ | जिल्ला वन कार्यालय, दार्चुलाको कार्यालय भवन निर्माण | - | ३,०००।- | २,४०,०००।- |

जिल्ला वन अधिकृत


**राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा** प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आषिश शेरचन**, सम्पादक : **राजन शर्मा**